# आर्थिक वर्ष २०६८/६९
# को
# मौद्रिक नीति




**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
२०६८

**गभर्नर डा. युवराज खतिवडाले**
**२०६८ साउन ५ गते**
**सार्वजनिक जानकारीका लागि जारी गर्नुभएको**

# आर्थिक वर्ष २०६८/६९
# को
# मौद्रिक नीति

**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं

**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**बालुवाटार, काठमाडौं**
**नेपाल**

**फोन नं. ४४११६३८**
**Website: www.nrb.org.np**

# विषय सूची


| *विवरण* | *पृष्ठ* |
|---|---|
| पृष्ठभूमि | १ |
| अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य | २ |
| आन्तरिक आर्थिक स्थिति | ३ |
| गार्हस्थ्य उत्पादन | ३ |
| मूल्य | ४ |
| सरकारी वित्त | ५ |
| वाह्य क्षेत्र | ६ |
| वित्तीय बजार | ८ |
| मौद्रिक व्यवस्थापन | १० |
| वित्तीय स्थायित्व र तरलता व्यवस्थापन | १२ |
| आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीति तथा वित्तीय क्षेत्र कार्यक्रम | १४ |
| मौद्रिक नीतिको कार्यदिशा | १४ |
| आर्थिक तथा मौद्रिक लक्ष्य | १६ |
| मौद्रिक नीति सञ्चालनका उपकरण | १८ |
| लघुवित्त तथा वित्तीय पहुँच | १९ |
| वित्तीय क्षेत्र सुधार, नियमन तथा सुपरिवेक्षण | २२ |
| विदेशी विनिमय व्यवस्थापन | २६ |
| अनुसूची १ : आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीतिको लक्ष्य तथा प्रगति विवरण | २९ |
| अनसूची २ : आर्थिक वर्ष २०६७/६८ को वित्तीय क्षेत्र तथा विदेशी विनिमय सम्बन्धी नीति तथा कार्यक्रमहरूको प्रगति विवरण | ३० |
| अनुसूची ३ : मौद्रिक सर्वेक्षणको प्रक्षेपण | ३८ |
| अनुसूची ४ : परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट आयात गर्न पाइने वस्तुहरूको सूची | ३९ |

तालिका सूची

# आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीति

## पृष्ठभूमि

१. नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले निर्दिष्ट गरे वमोजिम मूल्य स्थिरता र वाह्य तथा वित्तीय क्षेत्र स्थायित्व कायम गर्ने एवम् उच्च तथा दिगो आर्थिक वृद्धिको लागि सहज वातावरण निर्माण गर्ने मूलभूत उद्देश्य सहित यस बैंकले आर्थिक वर्ष २०५९/६० देखि वार्षिक रूपमा मौद्रिक नीति तर्जुमा गरी सार्वजनिक गर्दै आएको छ । यस क्रममा आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीति २०६७ साउन १२ गते र त्यसको मध्यावधि समीक्षा २०६७ फागुन १९ गते सार्वजनिक गरिएको सर्वविदित नै छ ।

२. पछिल्ला केही वर्षहरूभैंं आर्थिक वर्ष २०६७/६८ मा पनि आर्थिक वृद्धिदर न्यून नै रहेको अनुमान छ । निर्यात तथा विप्रेषण आप्रवाहमा सुधार र आयातमा न्यून वृद्धि भई चालू खाता घाटामा उल्लेख्य सुधार भएतापनि वित्तीय खाता असन्तुलन बढ्न गएकोले भुक्तानी सन्तुलन सीमान्त घाटामै रहेको अनुमान छ भने खाद्यान्नको मूल्यमा अपेक्षित सुधार नहुँदा मुद्रास्फीतिदर पनि अघिल्लो वर्षकै हाराहारीमा रहेको अनुमान छ । शोधनान्तर घाटामा रहनुका साथै सरकारी खर्च, शेयर बजार तथा घर-जग्गा कारोवारमा सुस्तता आएको कारण निक्षेपको वृद्धिमा शिथिलता आएकोले बैकिङ्ग क्षेत्रको तरलतामा अपेक्षाकृत विस्तार हुन सकेन ।

३. मुलुकको आर्थिक तथा वित्तीय स्थितिको उपरोक्त पृष्ठभूमिमा गत आर्थिक वर्षको मौद्रिक नीतिको कार्यान्वयनको समीक्षा सहित आन्तरिक तथा वाह्य आर्थिक परिदृश्यको विश्लेषणको आधारमा मौद्रिक नीतिको कार्यदिशा, लक्ष्य तथा उपकरणहरूमा आवश्यक संयोजन गरी आर्थिक वर्ष २०६८/६९ को लागि यो मौद्रिक नीति सार्वजनिक जानकारीको लागि प्रस्तुत गरिएको छ । यस बैंकको काम कारवाहीलाई पारदर्शी बनाउने उद्देश्यले आर्थिक वर्ष २०६८/६९ मा कार्यान्वयनमा ल्याइने वित्तीय क्षेत्र सुधार, नियमन तथा सुपरिवेक्षण, विदेशी विनिमय र लघुवित्त सम्बन्धी कार्यक्रमहरूलाई पनि मौद्रिक नीतिको यस दस्तावेजमा संलग्न गरिएको छ ।

४. एकातर्फ मुद्रास्फीति नियन्त्रण र भुक्तानी सन्तुलन कायम गर्नुपर्ने तथा अर्कोतर्फ मौद्रिक तरलताको कमीबाट आर्थिक वृद्धि एवं वित्तीय क्षेत्र स्थायित्वमा पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्नुपर्ने जस्तो अवस्थाबीच मौद्रिक नीति व्यवस्थापन गर्नुपर्ने चुनौती छ । वित्तीय स्थायित्वका लागि कर्जाको उत्पादक उपयोग, वित्तीय पहुँच अभिवृद्धि र निक्षेप सुरक्षणका अतिरिक्त सुशासनका सवालहरूलाई सम्बोधन गर्न पनि मौद्रिक नीति उन्मुख रहनु परेको छ । नेपाल सरकारको आर्थिक वर्ष २०६८/६९ को बजेट मार्फत् केन्द्रीय बैंकबाट अपेक्षा गरिएका कार्यक्रमहरू पनि यो मौद्रिक नीतिले समेट्नु परेको छ । यिनै विषयहरूमा केन्द्रित रहेर मौद्रिक नीति तर्जुमा गरिएको छ ।

५. यो मौद्रिक नीति तयार गर्दा नेपाल बैंकर्स संघ, डेभलपमेण्ट बैंकर्स एशोसिएसन, नेपाल वित्तीय संस्था संघ, नेपाल लघुवित्त बैंकर्स संघ, उद्योग वाणिज्य संघहरू, र

उद्योगी-व्यवसायीहरू लगायतका सरोकारवालाहरूसँगको अन्तरक्रियाबाट आएका सुझावहरूलाई यथासक्य समावेश गरिएको छ ।

## अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य

६. आर्थिक मन्दीको प्रभाव क्रमशः न्यून हुँदै गई विश्व अर्थतन्त्र सन्तोषजनक गतिमा विस्तार भईरहेको भएपनि कतिपय जोखिम र चुनौतीहरू अझैपनि कायमै छन् । विकसित मुलुकको आर्थिक वृद्धिदर अझै कमजोर नै रहनु, बढ्दो मुद्रास्फीतिले गर्दा उदीयमान तथा विकासशील मुलुकहरूको उच्च आर्थिक वृद्धिको निरन्तरतामा शंका उत्पन्न हुनु, विकसित मुलुकहरू र खासगरी यूरोपेली मुलुकहरूमा उच्च सरकारी वित्त घाटाबाट वित्तीय क्षेत्र स्थायित्वमा उत्पन्न चुनौतीहरू कायमै रहनु, भुकम्प र सुनामीबाट प्रभावित जापानी अर्थतन्त्रबाट अन्य मुलुकहरू समेत प्रभावित हुनु जस्ता परिदृश्यहरू विश्व अर्थतन्त्रमा विद्यमान मूलभूत जोखिम तथा चुनौतीहरू हुन् ।

७. सन् २००९ मा ०.५ प्रतिशतले संकुचित भएको विश्व अर्थतन्त्र सन् २०१० मा ५.१ प्रतिशतले विस्तार भएको थियो । अन्तर्राष्ट्रिय मुद्रा कोषको पछिल्लो प्रक्षेपण अनुसार विश्व अर्थतन्त्र सन् २०११ मा ४.३ प्रतिशतले विस्तार हुने देखिएको छ । अमेरिकी अर्थतन्त्र सन् २०११ मा २.५ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ । त्यसैगरी, यूरो क्षेत्रको उत्पादन सन् २०११ मा २ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ । उदीयमान तथा विकासशील मुलुकहरूको आर्थिक वृद्धिदर सन् २०११ मा ६.६ प्रतिशत रहने प्रक्षेपण गरिएको छ । छिमेकी मुलुकहरूमध्ये भारतीय अर्थतन्त्र सन् २०१० मा १०.४ प्रतिशतले वृद्धि भएकोमा सन् २०११ मा ८.२ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ भने सन् २०१० मा १०.३ प्रतिशतले विस्तार भएको चीनीयाँ अर्थतन्त्र सन् २०११ मा ९.६ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ ।

८. आर्थिक मन्दीलाई सम्बोधन गर्न अपनाइएको लचिलो मौद्रिक तथा वित्त नीतिको प्रभाव र इन्धन तथा खाद्यान्नको मूल्यमा भएको वृद्धिको कारण अन्तर्राष्ट्रिय मुद्रास्फीति दर त्यति सकारात्मक देखिएको छैन । विकसित मुलुकहरूको उपभोक्ता मुद्रास्फीतिदर सन् २०१० मा १.६ प्रतिशत रहेकोमा सन् २०११ मा २.६ प्रतिशत रहने प्रक्षेपण गरिएको छ । त्यस्तै, उदीयमान तथा विकासोन्मुख मुलुकहरूमा सन् २०१० मा ६.१ प्रतिशत रहेको मुद्रास्फीतिदर सन् २०११ मा ६.९ प्रतिशत रहने प्रक्षेपण गरिएको छ । नेपालका दुबै छिमेकी मुलुकहरूमा पनि उच्च मूल्य वृद्धि मौद्रिक व्यवस्थापनको प्रमुख चुनौतीको रूपमा रहेको छ । भारतमा सन् २०१० को मे महिनामा थोक मूल्य सूचकाङ्कमा आधारित मूल्य वृद्धि १०.५ प्रतिशत रहेकोमा सन् २०११ को सोही महिनामा यस्तो मूल्य वृद्धिदर ९.१ प्रतिशत रहेको छ । त्यस्तै, अर्को छिमेकी मुलुक चीनमा पनि सन् २०११ को मे महिनामा मूल्य वृद्धिदर ५.५ प्रतिशत पुगेको छ ।

९. एकातर्फ उच्च सरकारी घाटालाई धान्न सकिने स्तरमा ल्याउनु पर्ने तथा मौद्रिक व्यवस्थापन पनि कसिलो बनाउँदै मुद्रास्फीति नियन्त्रण गर्नुपर्ने र अर्कोतर्फ यी नीतिहरूलाई सन्तुलित रूपमा अघि नबढाउँदा आर्थिक पुनरूत्थानको गतिमा प्रतिकूल प्रभाव पर्न सक्ने अवस्थाबीच अधिकांश मुलुकहरूले सावधानीपूर्वक सन्तुलित मौद्रिक तथा वित्त नीति अवलम्बन गरेका छन् । भारतीय रिजर्भ बैंकले रिपो दर ९ प्रतिशतबाट घटाएर ४.७५ प्रतिशतमा र अनिवार्य नगद मौज्दात दर ९ प्रतिशतबाट

घटाएर ५ प्रतिशत कायम गरेकोमा बढ्दो मुद्रास्फीतिको अवस्थालाई सम्बोधन गर्न हाल अनिवार्य नगद मौज्दात दर ६ प्रतिशत र रिपो दर ७.५ प्रतिशत कायम गरेको छ । त्यस्तै, चीनमा पनि मुद्रास्फीतिदर उच्च हुँदै आएकोले पिपुल्स बैंक अफ चाइनाले पछिल्लो छ महिनामा अनिवार्य नगद मौज्दात अनुपात छ पटक वृद्धि गरी २० जुन २०११ मा यसलाई २१.५ प्रतिशत पुऱ्याएको छ ।

## आन्तरिक आर्थिक स्थिति

### गार्हस्थ्य उत्पादन

१०. विगत केही वर्षदेखि मुलुकको आर्थिक वृद्धिदर न्यून रहँदै आएको छ । आर्थिक वर्ष २०६७/६८ मा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर आधारभूत मूल्यमा ३.५ प्रतिशत मात्र रहेको नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान रहेको छ । अनुकूल मनसुनका कारण समीक्षा वर्षमा प्रमुख खाद्यान्न बालीको उत्पादनमा वृद्धि भई समग्र कृषि क्षेत्रको उत्पादन ४.१ प्रतिशतले वृद्धि भएको प्रारम्भिक अनुमान छ । कृषि क्षेत्रको उत्पादन बढ्नुमा खासगरी प्रमुख खाद्यान्न बालीहरू धान, मकै तथा गहुँको उत्पादन वृद्धि प्रमुख रहेका छन् । नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालयले २०६८ बैशाख महिनामा सार्वजनिक गरेको कृषि उत्पादनको प्रारम्भिक अनुमान अनुसार आर्थिक वर्ष २०६७/६८ मा धानको उत्पादन १०.९ प्रतिशतले, मकैको उत्पादन ११.५ प्रतिशतले र गहुँको उत्पादन १२.२ प्रतिशतले वृद्धि भएको छ ।

११. आर्थिक वर्ष २०६७/६८ मा उद्योग क्षेत्रको उत्पादन १.४ प्रतिशतले मात्र वृद्धि भएको अनुमान छ । यस अन्तर्गत उत्पादनमूलक उद्योग उपक्षेत्रको उत्पादन १.५ प्रतिशतले तथा निर्माण र खानी तथा उत्खनन् उपक्षेत्रहरूको उत्पादन क्रमशः ३.३ प्रतिशत र २.१ प्रतिशतले विस्तार भएको अनुमान रहेको छ । विद्युत, ग्यास तथा पानी उपक्षेत्रको उत्पादन भने ४ प्रतिशतले ह्रास आएको अनुमान छ ।

१२. सेवा क्षेत्रको वृद्धिदर पनि अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०६७/६८ मा न्यून रहेको प्रारम्भिक अनुमान छ । अघिल्लो वर्ष ६ प्रतिशतले वृद्धि भएको यस क्षेत्रको उत्पादन समीक्षा वर्षमा ३.६ प्रतिशतले वृद्धि भएको अनुमान छ । सेवा क्षेत्र अन्तर्गत उच्च अंश ओगटेको थोक तथा खुद्रा व्यापार ०.२ प्रतिशतले संकुचित भएको तथा शिक्षा तर्फको वृद्धिदर पनि तुलनात्मक रूपले कम रहेको अनुमान रहेकोले समग्र सेवा क्षेत्रको वृद्धिदर अघिल्लो वर्षको तुलनामा कम रहेको केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान छ । होटल तथा रेष्टुरेण्ट, यातायात तथा सञ्चार, स्वास्थ्य तथा सामाजिक कार्य र अन्य सामुदायिक सेवा उप-क्षेत्रहरूको वृद्धिदर भने क्रमशः ७.४ प्रतिशत, ७.२ प्रतिशत, ५.९ प्रतिशत र ८.६ प्रतिशत रहेको अनुमान छ । पछिल्ला महिनाहरूमा सरकारी खर्च व्यापार तथा अन्य सेवा क्षेत्रमा भएको उल्लेख्य सुधारका कारण सेवा क्षेत्रको समग्र वृद्धिदर अनुमान गरेभन्दा बढी हुने सम्भावना छ ।

१३. पर्यटनतर्फ आर्थिक वर्ष २०६६/६७ मा हवाईमार्गबाट नेपाल भ्रमणमा आउने पर्यटक संख्यामा १२.९ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६७/६८ को एघार महिनासम्ममा उक्त संख्यामा २१.१ प्रतिशतले वृद्धि भएको छ । यस अवधिमा भारतीय पर्यटक आगमन ४०.४ प्रतिशतले बढेको छ भने अन्य मुलुकबाट आउने

पर्यटकहरूको संख्या १५.९ प्रतिशतले वृद्धि भएको छ । विश्व आर्थिक मन्दीमा सुधार आएको, नेपाल सरकारले सन् २०११ लाई नेपाल पर्यटन वर्ष घोषणा गरी पर्यटन प्रवर्द्धन सम्वन्धी कार्यक्रमहरू संचालन गरिरहेको, बन्द हडताल जस्ता गतिविधिहरूमा कमी आएको र हवाई उडान भर्ने वाह्य कम्पनीहरूको संख्याका साथै उडान आवृत्तिमा समेत वृद्धि भएकोले पर्यटक आगमनमा वृद्धि भएको हो। पर्यटक आगमनमा भएको वृद्धिबाट होटल तथा रेष्टुरेण्ट सेवाको आय वृद्धिमा सहयोग पुगेको छ ।

१४. आर्थिक वर्ष २०६७/६८ को आन्तरिक मागको संरचनालाई हेर्दा कुल उपभोग (२०५७/५८ को मूल्यमा) ५.४ प्रतिशतले वृद्धि भई कुल गार्हस्थ्य उत्पादनको ९३.३ प्रतिशत पुगेको अनुमान छ भने कुल स्थिर पूँजी निर्माणमा १०.४ प्रतिशतले कमी आई कुल गार्हस्थ्य उत्पादनको १८ प्रतिशतमा सीमित भएको अनुमान छ । निजी क्षेत्रको उपभोग ४.९ प्रतिशतले मात्र वृद्धि भएतापनि सरकारी क्षेत्रको उपभोग १०.६ प्रतिशतले वृद्धि भएकोले कुल उपभोग केही उच्च दरले बढ्न गएको छ भने सरकारी तथा निजी दुबै क्षेत्रको लगानी कमजोर रहेकोले कुल स्थिर पूँजी निर्माण उच्च दरले घटेको अनुमान छ ।

१५. विश्व आर्थिक मन्दीको प्रभावले आर्थिक वर्ष २०६५/६६ मा वैदेशिक रोजगारीमा केही कमी आएको भएपनि त्यसपछि वैदेशिक रोजगारीका गन्तव्य मुलुकहरूबाट श्रमिकहरूको माग बढ्दै गएकाले आर्थिक वर्ष २०६७/६८ को एघार महिनासम्ममा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेको संख्या १८.७ प्रतिशतले वृद्धि भएको छ । प्रमुख वैदेशिक रोजगार गन्तव्यहरूमा मलेसिया, साउदीअरब, कतार र युनाईटेड अरब ईमिरेट्स रहेका छन् ।

**मूल्य**

१६. आर्थिक वर्ष २०६७/६८ मा औसत वार्षिक मूल्य वृद्धिदर अघिल्लो वर्षको हाराहारीमा अर्थात् ९.६ प्रतिशत रहन गएको अनुमान छ । २०६८ जेठ महिनामा वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य वृद्धिदर ८.८ प्रतिशत रहेको छ । २०६७ जेठ महिनामा यस्तो मुद्रास्फीतिदर ८.२ प्रतिशत रहेको थियो । खाद्य तथा पेय पदार्थ समूहको वार्षिक विन्दुगत मूल्य वृद्धिदर १४.३ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको वार्षिक विन्दुगत मूल्य वृद्धिदर ४.३ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यसै महिनामा यी समूहहरूको मूल्य वृद्धिदर क्रमशः ९.८ प्रतिशत र ७.० प्रतिशत रहेको थियो । खासगरी कृषिजन्य वस्तुहरूको मूल्यमा सुधार हुन नसकेको, उर्जा संकट, तलब तथा ज्यालादर वृद्धि र छिमेकी मुलुक भारतमा खाद्यान्न समूहको मूल्य वृद्धिदर उच्च रहन गएकोले मूल्यमा चाप परेको हो ।

१७. २०६८ बैशाख महिनामा राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर १०.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धिदर ८.४ प्रतिशत मात्र रहेको थियो । थोक मूल्य अन्तर्गतका कृषिजन्य वस्तु, स्वदेशमा उत्पादित वस्तु र आयातित वस्तुहरूको मूल्य क्रमशः ११.८ प्रतिशत, ११.३ प्रतिशत र ८.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरूको मूल्य क्रमशः १०.६ प्रतिशत, ८.९ प्रतिशत र ४.1 प्रतिशतले वृद्धि भएको थियो ।

१८. समीक्षा वर्षमा ज्यालादरमा उच्च वृद्धि भएको छ । २०६७ बैशाख महिनामा वार्षिक विन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्कमा १३.० प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा सो सूचकाङ्क २४.८ प्रतिशतले वृद्धि भएको छ । उक्त सूचकाङ्कमध्ये ज्यालादर सूचकाङ्क ३२.८ प्रतिशतले वृद्धि भएको छ । ज्यालादर सूचकाङ्क अन्तर्गत कृषि मजदुरको ज्यालदर सूचकाङ्क सबैभन्दा बढी अर्थात् ४३.७ प्रतिशतले वृद्धि भएको छ भने औद्योगिक मजदुर र निर्माण मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः १४.१ प्रतिशत र २७.९ प्रतिशतले वृद्धि भएको छ ।

१९. मुद्राप्रदायको विस्तार ज्यादै सीमित (३.७ प्रतिशत) रहँदा-रहँदै पनि उच्च मूल्य वृद्धिदर कायम रहनुले मुद्रास्फीति मौद्रिक नभई संरचनात्मक कारकहरूबाट प्रभावित रहेको स्पष्ट हुन्छ । खासगरी आपूर्ति पक्ष कमजोर रही खाद्य वस्तुहरूको मूल्य वृद्धि उच्च रहेकोले समग्र मुद्रास्फीतिदरमा चाप परेको हो । बढ्दो श्रम निर्यातका कारण एकातिर कृषि तथा औद्योगिक वस्तुहरूको उत्पादन लागतमा चाप पर्दै गएको छ भने अर्कोतिर कर्जाको व्याजदरमा पनि वृद्धि भएको छ । समीक्षा वर्षको दशौं महिनाको राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क अनुसार कृषि मजदुरको ज्यालादर सूचकाङ्क ४३.७ प्रतिशतले र औद्योगिक मजदुरको ज्यालादर सूचकाङ्क १४.१ प्रतिशतले वृद्धि भएको छ । यसर्थ, साधनको लागतमा वृद्धि भएअनुरुप उत्पादकत्वमा समानुपातिक वृद्धि हुन नसकेकोले मूल्यमाथि चाप पर्न गएको छ । खासगरी लम्बिदै गएको राजनैतिक संक्रमण, कमजोर श्रम सम्बन्ध, उर्जा समस्या, अपर्याप्त भौतिक पूर्वाधार, लगानी-मैत्री वातावरणको कमी, सरकारको पूँजीगत खर्चमा भएको न्यूनता र अर्थतन्त्रको संरचनागत सीमाहरू न्यून उत्पादकत्वको कारकका रूपमा रहेका छन् । यी कारणहरूले गर्दा उत्पादन विस्तार हुन नसकेकोले मौद्रिक नियन्त्रणबाट मात्र आन्तरिक तथा वाह्य क्षेत्र स्थायित्व कायम राख्ने कार्य चुनौतीपूर्ण बन्दै गइरहेको छ ।

**सरकारी वित्त**

२०. गत वर्षको सरकारी बजेट ढिलो गरी आएकोले सरकारी खर्चले समयमै अपेक्षित गति लिन सकेन भने आन्तरिक आर्थिक गतिविधिहरूमा शिथिलता आएको र राजस्वको प्रमुख स्रोतको रूपमा रहेको आयातको वृद्धि निकै कम रहन गएको कारण राजस्व परिचालन पनि लक्ष्य अनुरुप हुन सकेन । आर्थिक वर्ष २०६७/६८ को एघार महिनामा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च १२.५ प्रतिशतले वृद्धि भई रू. २१२ अर्ब १८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त खर्च २९.१ प्रतिशतले वृद्धि भएको थियो । कुल खर्चमध्ये चालू खर्च १४.७ प्रतिशत र पूँजीगत खर्च १९.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उपरोक्त खर्चहरू क्रमशः २५.३ प्रतिशत र ४१.५ प्रतिशतले वृद्धि भएका थिए । आर्थिक वर्ष २०६७/६८ को एघार महिनासम्ममा बजेट अनुमानको ४३ प्रतिशत मात्र नगद पूँजीगत खर्च भएको छ ।

२१. आर्थिक वर्ष २०६७/६८ को एघार महिनासम्ममा नेपाल सरकारको राजस्व संकलन १४.५ प्रतिशतले वृद्धि भई रू. १७५ अर्ब ८६ करोड पुगेको छ । आर्थिक वर्ष २०६६/६७ को सोही अवधिमा राजस्वको वृद्धिदर २६.७ प्रतिशत रहेको थियो । अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा आयातमा न्यून वृद्धि भएको, बजेट ढिलो

आएको, आर्थिक वृद्धिदर न्यून रहेको र घरजग्गा लगायत आर्थिक कृयाकलापहरूमा सुस्तता आएको कारण राजस्व परिचालन पनि अघिल्लो वर्षको तुलनामा कम दरले वृद्धि भएको हो । समीक्षा अवधिमा सरकारलाई प्राप्त हुने वैदेशिक नगद अनुदान ९ प्रतिशतले र वैदेशिक नगद ऋण १४.७ प्रतिशतले वृद्धि भई कुल नगद सहायता रू. २८ अर्ब १५ करोड प्राप्त भएको छ ।

२२. आर्थिक वर्ष २०६७/६८ को एघार महिनामा नगद प्रवाहमा आधारित सरकारको बजेट रू. ८ अर्ब ४२ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा सरकारी बजेट रू. ६ अर्ब ६९ करोडले घाटामा रहेको थियो । आर्थिक वर्ष २०६७/६८ को एघार महिनामा नेपाल सरकारले रू. १९ अर्बको आन्तरिक ऋण र रू. ४ अर्ब ३९ करोडको वाहृय ऋण परिचालन गरेकोले नेपाल राष्ट्र बैंकसंग रू. १४ अर्ब ३० करोड नगद मौज्दात कायम रहेको देखिन्छ । तथापि बाह्रौ महिनामा तीव्र रूपमा भएको खर्चको निकासाले यो बचत कायम रहन नसकी नेपाल सरकारले नेपाल राष्ट्र बैंकबाट रू. ५ अर्ब भन्दा बढी अधिविकर्ष लिएको प्रारम्भिक अनुमान छ ।

**वाह्य क्षेत्र**

२३. नेपालको वाह्य क्षेत्र कारोवारको स्थिति आर्थिक वर्ष २०६६/६७ देखि कमजोर रहँदै आएको छ । आर्थिक वर्ष २०६७/६८ को दश महिनामा निर्यातमा केही सुधार आएको र आयात पनि न्यून दरमा बढेकोले चालू खाता घाटा अघिल्लो वर्षको रू. १४ अर्ब ३ करोडको तुलनामा रू. १० अर्ब ४७ करोड रहेको भएपनि वित्तीय खाता असन्तुलन बढ्न गएकोले रू. ११ अर्ब ६७ करोडको शोधनान्तर घाटा हुन गएको छ । वित्तीय खाता अन्तर्गत पनि समीक्षा अवधिसम्ममा सरकारी ऋण भुक्तानीको रकम जतिपनि विदेशी ऋण परिचालन हुन नसक्दा वित्तीय खातामा बचत हुन सकेन । तर आर्थिक वर्ष २०६७/६८ का पछिल्ला महिनाहरूमा सहायता रकमको निकासा बढेर शोधनान्तर स्थितिमा क्रमशः सुधार हुँदै गएकोले आर्थिक वर्षको अन्त्यसम्ममा रू. १ अर्बको हाराहारीमा शोधनान्तर बचतमा रहेको अनुमान छ ।

२४. आर्थिक स्थायित्वमा प्रमुख योगदान रहेको वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण आर्थिक वर्ष २०६७/६८ को दश महिनामा १०.८ प्रतिशतले वृद्धि भई रू. २०६ अर्ब ६६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह रू. १८६ अर्ब ४४ करोड रहेको थियो । अमेरिकी डलरमा गणना गर्दा विप्रेषण आप्रवाह १४.१ प्रतिशतले वृद्धि भई अमेरिकी डलर २ अर्ब ८५ करोड पुगको छ । अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर २ अर्ब ५० करोड बराबरको विप्रेषण प्राप्त भएको थियो । विश्व श्रम बजारमा कामदारको मागमा सुधार हुँदै आएको कारण वैदेशिक रोजगारी तथा विप्रेषण आप्रवाहमा पनि वृद्धि भइरहेको छ ।

२५. आर्थिक वर्ष २०६७/६८ को एघार महिनामा भारततर्फको निर्यात ८.० प्रतिशतले र अन्य मुलुकतर्फको निर्यात १.० प्रतिशतले वृद्धि भई कुल वस्तु निर्यात ५.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा भारततर्फको निर्यात ४.८ प्रतिशतले र अन्य मुलुकतर्फको निर्यात १२.२ प्रतिशतले न्यून रहेको कारण कुल वस्तु निर्यातमा १०.३ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा भारततर्फ मुख्यतया जस्तापाता, तार, टुथपेष्ट, जुस, जुटका सामान, अलैंची र प्लास्टिकका सामान एवम्

अन्य मुलुकतर्फ पश्मिना, ऊनी गलैंचा, दाल र प्रशोधित छालाको निर्यातमा वृद्धि भएको छ ।

२६. आर्थिक वर्ष २०६७/६८ को एघार महिनामा कुल वस्तु आयात ५.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु आयात ३३.७ प्रतिशतले वृद्धि भएको थियो । कुल वस्तु आयात मध्ये भारतबाट भएको आयात २२.८ प्रतिशतले वृद्धि भएको छ भने अन्य मुलुकबाट भएको आयातमा १७.६ प्रतिशतले ह्रास आएको छ । अघिल्लो वर्ष भारतबाट ३५.२ प्रतिशतले र अन्य मुलुकबाट ३१.७ प्रतिशतले आयातमा वृद्धि भएको थियो । मुख्यतया पेट्रोलियम पदार्थ, एम एस विलेट, औषधि, कोल्डरोल्ड सीट इन क्वाइल, रासायनिक मल र विद्युतीय सामग्रीको आयात बढेकोले भारतबाट हुने आयात बढेको छ भने विशेषगरी सुन, तयारी पोशाक, स्टील रड तथा सीट, सुपारी, पोलिथिन ग्रेनुयल्स, धागो तथा जुत्ता चप्पल र अन्य मेशिनरी तथा पार्टपुर्जाको आयातमा कमी आएकोले अन्य मुलुकबाट हुने आयात घटेको छ ।

२७. वैदेशिक व्यापार स्थितिको महत्वपूर्ण परिसूचकको रूपमा लिइने निर्यात/आयात अनुपात आर्थिक वर्ष २०६७/६८ को एघार महिनामा पनि अघिल्लो वर्षकै सरह १६.२ प्रतिशत रहेको छ । कुल व्यापारमा भारतको अंश अघिल्लो वर्षको ५८.७ प्रतिशतको तुलनामा यस वर्ष ६६.९ प्रतिशत पुगेको छ ।

२८. भारतीय रूपैयाँसँगको विनिमयदर स्थिर रहेको अवस्थामा अन्य मुलुकहरूसँग नेपाली रूपैयाँ अधिमूल्यन हुँदै आएको र माग तथा मूल्यमा निरन्तर वृद्धि भएको पेट्रोलियम पदार्थको आयात भारतबाटै गर्ने गरिएको कारण भारतसँगको व्यापार घाटा अन्य मुलुकको तुलनामा उच्च दरले विस्तार भएको छ । भारतसँगको व्यापार घाटालाई धान्न आर्थिक वर्ष २०६७/६८ को एघार महिनामा अमेरिकी डलर २ अर्ब ४६ करोड बिक्री गरी भारतीय रूपैयाँ १ खर्ब ११ अर्ब ३२ करोड खरिद भएको छ । अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर १ अर्ब ९७ करोड बिक्री गरी भारतीय रूपैयाँ ९१ अर्ब ८३ करोड खरिद गरिएको थियो । मुख्यतया भारतबाट आयात गरिने पेट्रोलियम पदार्थको आयातमा उच्च वृद्धि भएको पृष्ठभूमिमा भारतीय मुद्रा खरिद पनि बढ्न गएको हो ।

२९. आर्थिक वर्ष २०६७/६८ मा अमेरिकी डलर भुक्तानी गरी भारतबाट हुने आयातमा केही कमी आएको छ । आर्थिक वर्ष २०६६/६७ को एघार महिनामा रू. ४५ अर्ब ५८ करोड बराबरको यस्तो आयात भएकोमा आर्थिक वर्ष २०६७/६८ को सोही अवधिमा रू. ४३ अर्ब ८० करोड बराबरको आयात भएको छ । उत्पादनमूलक उद्योगको उत्पादनमा सुधार नभएकोले अमेरिकी डलर भुक्तान गरी भारतबाट गरिने आयातमा कमी आएको हो ।

३०. नेपाली रूपैयाँको भारतीय रूपैयाँसँग कायम गरिएको स्थिर विनिमय दरलाई मौद्रिक अंकुशको रूपमा लिइएको परिप्रेक्ष्यमा विदेशी विनिमय संचितिको स्तरलाई सुविधाजनक स्थितिमा कायम गर्नु वाह्य क्षेत्र स्थायित्वको लागि अपरिहार्य मानिन्छ । पछिल्ला वर्षमा शोधनान्तर घाटा भएको कारण विदेशी विनिमय संचिति घटेकोले यसले व्यापार घाटा खाम्न सक्ने स्तरमा पनि कमी आएको छ । २०६८ असार मसान्तमा सो संचिति गत वर्षको रू. २६८ अर्ब ९० करोडबाट सीमान्त वृद्धि भई रू. २७० अर्बको हाराहारीमा रहेको अनुमान छ । अघिल्लो वर्षको सोही अवधिमा भने

कुल सञ्चितिमा ६.२ प्रतिशतले ह्रास आएको थियो । अमेरिकी डलरमा २०६७ असार मसान्तको तुलनामा २०६८ बैशाख मसान्तमा कुल संचितिमा ०.३ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ३ अर्ब ६२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलरमा कुल संचितिमा ६.६ प्रतिशतले ह्रास आएको थियो । आर्थिक वर्ष २०६७/६८ को दश महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमान स्तरबाट करिब ८ महिनाको वस्तु आयात र करिव ७ महिनाको वस्तु तथा सेवा आयात धान्न सकिने अवस्था रहेको छ ।

**वित्तीय बजार**

३१. आर्थिक वर्ष २०६७/६८ मा यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूको संख्यामा सामान्य वृद्धि भएको छ । २०६७ चैत मसान्तसम्ममा ३१ वाणिज्य बैंक, ८७ विकास बैंक, ८० वित्त कम्पनी र २१ लघुवित्त विकास बैंक गरी "क" देखि "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरूको संख्या २१९ पुगेको छ । २०६७ असार मसान्तमा उक्त संख्या जम्मा २०३ रहेको थियो । त्यसैगरी, वाणिज्य बैंकहरूको शाखा संख्या २०६७ असारको ९९० बाट बढेर २०६७ चैत मसान्तसम्ममा १०८५ पुगेको छ । वाणिज्य बैंकका शाखाहरूको भौगोलिक वितरणलाई हेर्दा काठमाण्डौं उपत्यकामा ३५.७ प्रतिशत, पहाडमा २५.३ प्रतिशत र तराईमा ३९ प्रतिशत बैंक शाखा रहेका छन् ।

३२. वाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीको अतिरिक्त सहकारी ऐन, २०४८ बमोजिम स्थापना भई वित्तीय कारोवार गर्ने बचत तथा ऋण सहकारी संस्थाहरूको उपस्थिति पनि उल्लेख्य रहेको छ । सहकारी विभागबाट उपलब्ध पछिल्लो तथ्याङ्क अनुसार २०६७ चैतमा बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरूको कुल संख्या १०५५८ पुगेको र यी संस्थाहरूले रू. ९८ अर्ब बचत परिचालन गरी रू. ८१ अर्ब कर्जा लगानी गरेको पाइन्छ । देशभर संचालनमा रहेका यस्ता संस्थाहरूबाट ठूलो मात्रामा बचत परिचालन तथा कर्जा प्रवाह भएकोले उनीहरूको बढ्दो उपस्थिति र कारोवारबाट वित्तीय मध्यस्थताको सेवामा प्रतिस्पर्धा र वित्तीय पहुँच अभिवृद्धिमा पनि सहयोग पुग्न गएको विश्वास गरिएको छ ।

३३. घर-जग्गा कारोवार तथा शेयर बजारमा आएको शिथिलताका वावजूद बैंक तथा वित्तीय संस्थाहरूको खराब कर्जा अनुपातमा सीमान्त मात्र वृद्धि भएको छ । २०६७ असार मसान्तमा २.५ प्रतिशत रहेको वाणिज्य बैंकहरूको खराब कर्जा अनुपात २०६७ चैत महिनामा ३.४ प्रतिशत पुगेको छ । वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत विशेष सरोकार रहेका नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको खराव कर्जा अनुपात क्रमशः ४.२ प्रतिशत र ११.१ प्रतिशत रहेको छ । २०६७ असार मसान्तसम्ममा ती बैंकहरूको उक्त अनुपात क्रमशः २.३ प्रतिशत र ९.८ प्रतिशत रहेको थियो । यस परिप्रेक्ष्यमा बैंक तथा वित्तीय संस्थाहरूको कर्जा लगानीको गुणस्तरमा थप ह्रास आउन नदिन आर्थिक वर्ष २०६७/६८ मा नै यस बैंकले व्यक्तिगत आवासीय घरकर्जाको सीमालाई रू. ६० लाखबाट वृद्धि गरी रू. ८० लाख कायम गरेको, रियलस्टेट कर्जा उपयोग गरेका ऋणीले सम्पूर्ण बक्यौता व्याज भुक्तानी गरेको अवस्थामा २०६९ असार मसान्तसम्मको लागि नवीकरण गर्न सकिने तथा शेयरको धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जामा बैंक तथा वित्तीय संस्था

आफैले कर्जामा हुने जोखिम न्यूनीकरण गरी आवश्यक मार्जिन कायम गरेर कर्जा प्रवाह गर्न सक्ने व्यवस्था समेत गरिसकिएको छ ।

३४. बैंक तथा वित्तीय संस्थाहरूको संख्यात्मक विस्तारले सीमित व्यावसायिक तथा भौगोलिक क्षेत्रमा प्रतिस्पर्धाको अवस्था सृजना गरेपनि कतिपय भौगोलिक क्षेत्रमा वित्तीय पहुँच पुग्न सकेको छैन । २०६७ चैत मसान्तसम्ममा पिछडिएका ९ जिल्लाहरूमा प्रति जिल्ला एक बैंक तथा वित्तीय संस्था, ५ जिल्लामा दुई बैंक तथा वित्तीय संस्था र ८ जिल्लामा ३ बैंक तथा वित्तीय संस्था संचालनमा रहेका छन् भने काठमाडौं बाहिर समेत कुनै जिल्लामा १२१ वटासम्म बैंक तथा वित्तीय संस्था संचालनमा रहेका छन् । नेपाल राष्ट्र बैंकले दुर्गम क्षेत्रमा बैंक शाखाहरूको संचालनका लागि निर्व्याजी संचालन पूँजी उपलब्ध गराउन थालेपछि यसमा क्रमिक सुधार हुन थालेपनि आर्थिक सामाजिक विकासका लागि थप ध्यान दिनु पर्ने भौगोलिक क्षेत्रमा पर्याप्त वित्तीय सेवा पुग्न सकेको छैन ।

३५. आर्थिक वर्ष २०६७/६८ मा तरलतामा आएको कमीको कारणले अल्पकालीन तथा दीर्घकालीन व्याजदरहरू अघिल्लो वर्षको तुलनामा केही उच्च रहे । अघिल्लो वर्ष ६.५ प्रतिशत कायम रहेको ९१-दिने ट्रेजरी बिल्सको भारित औसत व्याजदर आर्थिक वर्ष २०६७/६८ को एघार महिनासम्ममा ७.१ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०६६/६७ मा भारित औसत अन्तर-बैंक व्याजदर ७.७४ प्रतिशत रहेकोमा २०६७/६८ को एघार महिनासम्ममा ८.१३ प्रतिशत कायम भएको छ ।

३६. पूँजी बजारको एक अंगको रूपमा रहेको नेपाल सरकारको विकास ऋणपत्रको कारोवार आर्थिक वर्ष २०६१/६२ देखि नै बोलकबोल प्रकृयाबाट बिक्री गर्न शुरु गरिएको थियो । आर्थिक वर्ष २०६७/६८ मा कुल रू. ८ अर्बको विकास ऋणपत्र बोलकबोल प्रकृया मार्फत् बिक्री गरियो । यसरी बिक्री गरिएको विकास ऋणपत्रमध्ये रू. ३ अर्बको ५-वर्षे र रू. ५ अर्बको ३-वर्षे अवधिका रहेका छन् । उपरोक्त दुबै ऋणपत्रहरूको अंकित व्याजदर ९.५ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६६/६७ देखि निष्कासन शुरु गरिएको वैदेशिक रोजगार बचतपत्र आर्थिक वर्ष २०६७/६८ मा रू. ३४ लाखको बिक्री भएको छ । अघिल्लो वर्ष रू. ४० लाखको यस्तो बचतपत्र बिक्री गरिएको थियो ।

३७. आर्थिक वर्ष २०६७/६८ मा धितोपत्र बजार शिथिल रह्यो । वार्षिक विन्दुगत आधारमा २०६७ असार मसान्तमा ४७७.७ विन्दुमा रहेको नेप्से परिसूचक २०६८ जेठ मसान्तमा आर्थिक वर्ष २०६७/६८ को सबैभन्दा न्यूनतम विन्दु अर्थात् २९७.६ विन्दुमा कायम रहेको थियो भने पछिल्ला समयमा चालिएका कदम स्वरुप सो परिसूचकमा सुधार भई २०६८ असार मसान्तमा ३६२.५ पुगेको छ । लगानीकर्ताको आत्मविश्वास सुदृढ हुन नसकेको, वाणिज्य बैंकहरूले चुक्ता पूँजी तोकिएको स्तरमा पुऱ्याउन हकप्रद तथा बोनस शेयर जारी गरेको, शेयर संख्यामा वृद्धि भएको तथा तरलता समस्या समेतले गर्दा नेप्से परिसूचकमा गिरावट आएको हो ।

३८. २०६८ जेठको अन्त्यमा बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा २९.१ प्रतिशतले घटी रू. २ खर्व ६५ अर्ब पुगेको छ, जुन रकम कुल गार्हस्थ्य उत्पादनको २१.७ प्रतिशत हुन आउँछ । बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरूको अंश ६८.८ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको ३.२ प्रतिशत, होटलहरूको २.० प्रतिशत,

व्यापारिक संस्थाहरूको ०.५ प्रतिशत, जलविद्युतको ४.० प्रतिशत र अन्यको २१.५ प्रतिशत रहेको छ ।

३९. शेयरको मूल्यमा आउने उतार-चढावले लगानीकर्ताहरूको मनोवल तथा आर्थिक स्थायित्वमा नै प्रतिकूल असर पार्न सक्ने भएकोले यसको दिगो र स्थिर विकासको लागि नेपाल राष्ट्र बैंक पनि सहयोगी भूमिका निर्वाह गर्न प्रयत्नरत छ । यस बैंकले शेयरको धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जा प्रदान गर्दा विगत १८० दिनको औसत शेयर मूल्य वा पछिल्लो बजार मूल्य, जुन कम छ सोको ६० प्रतिशतसम्म कर्जा प्रदान गर्न पाउने व्यवस्था गरेको थियो । शेयर बजारमा देखिएको शिथिलतालाई दृष्टिगत गरी आर्थिक वर्ष २०६७/६८ मा यस बैंकले मार्जिन प्रकृतिको कर्जा नवीकरण तथा मार्जिन कल सम्बन्धी व्यवस्थालाई समेत लचिलो बनाएको छ ।

## मौद्रिक व्यवस्थापन

४०. मौद्रिक योगाङ्कहरू सीमाभित्र रहेपनि मूल्य र शोधनान्तरको लक्ष्य हासिल नहुँदा यो संरचनात्मक समस्याको समाधान मौद्रिक क्षेत्रबाट मात्र सम्भव हुन नसक्ने र समष्टिगत आर्थिक नीतिमा थप सुधार गर्नु पर्ने देखिएको छ ।

४१. आर्थिक वर्ष २०६७/६८ मा समग्र अर्थतन्त्रको मौद्रिक योगाङ्कहरूको विस्तारमा पनि कमी आएको छ । खासगरी समीक्षा वर्षको अधिकांश महिनाहरूमा शोधनान्तर स्थिति घाटामै रहनु र सरकारी पूँजीगत खर्च अपेक्षित स्तरमा बढ्न नसक्नाले मौद्रिक विस्तारमा कमी आएको हो । आर्थिक वर्ष २०६७/६८ को पहिलो दश महिनामा मौद्रिक तरलताको महत्वपूर्ण परिसूचक विस्तृत मुद्राप्रदाय ३.७ प्रतिशतले मात्र वृद्धि भएको छ । अघिल्लो वर्षको दश महिनासम्ममा यस्तो मुद्राप्रदाय ९ प्रतिशतले बढेको थियो । विकास बैंक तथा वित्त कम्पनीहरू समेतको वासलात समावेश गरी तयार गरिएको सोही अवधिको विस्तृत मौद्रिक सर्वेक्षण अनुसार विस्तृत मुद्राप्रदाय ७.३ प्रतिशतले बढेको छ । वाणिज्य बैंकको मात्र वासलात समावेश गरी तयार गरिएको मौद्रिक योगाङ्कबाट मौद्रिक विस्तार न्यून मात्रामा भएको देखिएतापनि वाणिज्य बैंकहरूको तुलनामा विकास बैंक र वित्त कम्पनीहरूको निक्षेप तथा कर्जा प्रवाह उच्च दरले वृद्धि भएकाले उनीहरूको वासालातलाई समेत समावेश गरिएको विस्तृत मौद्रिक सर्वेक्षण अनुसार अघिल्लो वर्षको तुलनामा मौद्रिक विस्तार केही उच्च रहेको देखिन्छ । आर्थिक वर्ष २०६७/६८ को अन्त्यमा शोधनान्तर स्थिति बचतमा रहन गएको र सरकारी खर्च पनि बढेको अनुमान रहेकोले आर्थिक वर्षको अन्त्यसम्ममा विस्तृत मुद्राप्रदाय ८.१ प्रतिशतले वृद्धि भएको अनुमान रहेको छ ।

४२. आर्थिक वर्ष २०६७/६८ मा कुल आन्तरिक कर्जा १५.० प्रतिशतले बढ्ने प्रक्षेपण गरिएकोमा ११.४ प्रतिशतले मात्र वृद्धि भएको संशोधित अनुमान छ। आर्थिक वर्ष २०६७/६८ को दश महिनामा आन्तरिक कर्जा ७.७ प्रतिशतले वृद्धि भएको छ भने विकास बैंक र वित्त कम्पनी समेतको समावेश भएको यस्तो कर्जा १०.३ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा नेपाल सरकारमाथिको दावी घटेको र निजी क्षेत्रतर्फको कर्जा अघिल्लो वर्षको तुलनामा कम दरले वृद्धि भएकोले कुल आन्तरिक कर्जाको विस्तार कम रहेको हो । मौद्रिक सर्वेक्षण अनुसार यस अवधिमा निजी क्षेत्रतर्फको कर्जा ११.४ प्रतिशतले र विस्तृत मौद्रिक सर्वेक्षण अनुसार १३.७ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०६७/६८ को अन्त्यसम्ममा नेपाल

सरकारमाथिको बैंकिङ्ग क्षेत्रको दावी ४.६ प्रतिशतले र निजी क्षेत्रतर्फको कर्जा १३.३ प्रतिशतले बढ्न गएको अनुमान छ ।

४३. आर्थिक वर्ष २०६७/६८ मा निक्षेपको वृद्धिदर पनि कम रह्यो । शोधनान्तर घाटा, बढ्दो उपभोग र अधिकांश महिनाहरूमा नेपाल सरकारको नगद बचत रहन गएको समेत कारणबाट निक्षेप परिचालनको वृद्धिदर अघिल्लो वर्षको तुलनामा कम रहन गएको हो । आर्थिक वर्ष २०६७/६८ को दश महिनामा “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरूबाट भएको निक्षेप परिचालन ८.२ प्रतिशत (रू. ५९ अर्ब ६२ करोड) ले वृद्धि भई रू. ७८८ अर्ब ७२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप परिचालन ९.७ प्रतिशत (रू. ६० अर्ब ७७ करोड) ले वृद्धि भएको थियो । समीक्षा वर्षको पहिलो दश महिनासम्ममा मुद्दति निक्षेप रू. ६५ अर्ब ६४ करोड र कल निक्षेप रू. ४ अर्बले वृद्धि भएको छ भने चल्ती तथा बचत निक्षेप दुवैमा गरी रू. १० अर्ब ४८ करोडको ह्रास आएको छ । पछिल्लो समयमा मुद्दति निक्षेपको व्याजदरमा भएको वृद्धिबाट निक्षेप परिचालन बचत निक्षेपबाट मुद्दति निक्षेपतर्फ आकर्षित भएको छ ।

४४. समीक्षा वर्षको पहिलो दश महिनामा वाणिज्य बैंकहरूको निक्षेप परिचालन ३.८ प्रतिशत अर्थात रू. २३ अर्ब ७२ करोडले वृद्धि भएको छ । यसै अवधिमा कर्जा तथा लगानीको वृद्धिदर १०.६ प्रतिशत (रू. ६३ अर्ब २३ करोड) छ जसमध्ये निजी क्षेत्रतर्फको कर्जा वृद्धिदर ११.६ प्रतिशत (रू. ५७ अर्ब ५३ करोड) रहेको छ । अघिल्लो वर्षको अन्त्यमा नेपाल राष्ट्र बैंकसँग रहेको अधिक नगद मौज्दात र विदेशी बैंकहरूमा रहेको मौज्दात उपयोग गर्नुका साथै पूँजी परिचालनबाट समेत कर्जा विस्तार गरेको कारण निक्षेपको तुलनामा कर्जाको वृद्धिदर उच्च रहेको हो । सरकारी खर्चमा आएको तीव्रतासँगै पछिल्ला महिनाहरूमा तरलताको स्थितिमा सुधार भई बैंकिङ्ग क्षेत्रको तरलता व्यवस्थापन सहज बन्दै गएको छ ।

४५. समीक्षा वर्षको पहिलो दश महिनामा विकास बैंक र वित्त कम्पनीको निक्षेप परिचालन क्रमशः १६.६ प्रतिशत र १३.५ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, विकास बैंकहरूको पूँजी परिचालन रू. ५ अर्ब १५ करोड रहेको छ भने वित्त कम्पनीहरूको रू. १ अर्ब ३७ करोड रहेको छ । यसै अवधिमा विकास बैंकहरूले निजी क्षेत्रतर्फ प्रवाह गरेको कर्जा २९.३ प्रतिशतले र वित्त कम्पनीहरूले प्रवाह गरेको कर्जा १५.९ प्रतिशतले वृद्धि भएको छ । घर-जग्गा व्यवसाय केन्द्रित रहेर कारोवार गर्ने र निक्षेपका लागि सीमित संस्थाहरूमा भरपर्ने प्रवृत्ति तथा साधनको स्रोतको तुलनामा उच्चदरले कर्जा प्रवाह गरेको कारणले केही विकास बैंक तथा वित्त कम्पनीको तरलता व्यवस्थापनमा समस्या देखिन गएको छ । नेपाल राष्ट्र बैंकको तरलता सुविधाबाट यसको तत्काल समाधान भइरहेपनि यस्ता वित्तीय संस्थाहरूको उपयुक्त लगानी नीति, सम्पत्तिको गुणस्तर र संस्थागत सुशासनद्वारा मात्र दीगो रूपमा समाधान निस्कने छ ।

४६. अनुत्पादक क्षेत्रतर्फ कर्जा केन्द्रित रही उत्पादनमूलक क्षेत्रतर्फ पर्याप्त कर्जा प्रवाह हुन नसकेको र तरलतामा संकुचन आएको स्थिति समेतलाई दृष्टिगत गरी यस बैंकले आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिको मध्यावधि समीक्षामा तोकिएका उत्पादनमूलक क्षेत्रतर्फ कर्जा प्रवाह बढाउने उद्देश्यले बैंक तथा वित्तीय संस्थाहरूलाई

पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था गरेकोमा आर्थिक वर्ष २०६७/६८ मा यस सुविधा अन्तर्गत कुल रू. ५ अर्ब ३८ करोड उपयोग भएको छ ।

४७. बैंकहरूको क्षेत्रगत कर्जाको वितरणलाई हेर्दा आर्थिक वर्ष २०६७/६८ को वैशाखसम्ममा कृषि क्षेत्रतर्फको कर्जाको अंश कुल कर्जाको करिब ३ प्रतिशत मात्र रहेबाट यस क्षेत्रतर्फको कर्जा बढ्न सकेको छैन । २०६७ असार मसान्तमा वाणिज्य बैंकहरूको कृषि क्षेत्रतर्फको कर्जा प्रवाह कुल रू. १४ अर्ब २९ करोड रहेकोमा २०६८ वैशाख मसान्तसम्ममा यस्तो कर्जामा कमी आई रू. १३ अर्ब ५५ करोडमा झरेको छ । समीक्षा अवधिमा पर्यटनतर्फ औसत १.८ प्रतिशत र विद्युततर्फ औसत १.१ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ । आर्थिक वर्ष २०६६/६७ को अन्त्यसम्म पर्यटनतर्फ औसत १.७ प्रतिशत र विद्युततर्फ औसत १.२ प्रतिशत कर्जा प्रवाह भएको थियो । समीक्षा अवधिमा औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जामा भने केही वृद्धि भएको छ । २०६७ असार मसान्तमा कुल कर्जाको २०.५ प्रतिशत अर्थात रू. ९४ अर्ब ७१ करोड कर्जा यस क्षेत्रतर्फ प्रवाहित भएकोमा सोमा वृद्धि भई २०६८ वैशाखमा यस्तो कर्जा २२.१ प्रतिशत अर्थात रू. ११५ अर्ब ३५ करोड पुगेको छ । त्यसैगरी, सेवा क्षेत्र र थोक तथा खुद्रा व्यापारतर्फको कर्जाको अंश २०६७ असार मसान्तमा क्रमशः ६.२ र १८.५ प्रतिशत रहेकोमा सोमा वृद्धि भई ६.९ प्रतिशत र २०.६ प्रतिशत पुगेको छ ।

४८. शोधनान्तर घाटा र साधनको तुलनामा कर्जा प्रवाहको वृद्धिदर उच्च रहेकोले वाणिज्य बैंकहरूको तरल सम्पत्तिमा आर्थिक वर्ष २०६७/६८ को दश महिनामा ५.७ प्रतिशतले ह्रास आएको छ । तरलता-निक्षेप अनुपात २०६७ असार मसान्तमा ३४.५ प्रतिशत रहेकोमा सो अनुपात २०६८ वैशाख मसान्तमा ३१.३ प्रतिशत कायम हुन आएको छ । तरल सम्पत्ति-निक्षेप अनुपातमा कमी आएको भएपनि निक्षेपको ३१.३ प्रतिशत अर्थात रू. २०१ अर्ब ९३ करोड तरल सम्पत्तिमा लगानी भएबाट बैंकिङ्ग क्षेत्रमा तरलता पर्याप्त रहेको संकेत मिल्दछ ।

४९. विकास बैंक र वित्त कम्पनीको हकमा भने तरलता न्यून रहेको छ । आर्थिक वर्ष २०६७/६८ को वैशाख महिनामा विकास बैंकको तरल सम्पत्ति-निक्षेप अनुपात ८.८ प्रतिशत र वित्त कम्पनीको यस्तो अनुपात ९.४ प्रतिशत रहेको छ । कुल निक्षेप परिचालनको तुलनामा तरल सम्पत्ति न्यून रहेकोले मौद्रिक तथा तरलता व्यवस्थापनको कार्य समेत चुनौतीपूर्ण रहन गएको छ । विकास बैंक र वित्त कम्पनीहरूले सरकारी सुरक्षणपत्रमा ज्यादै न्यून लगानी गरेको कारण खुला बजार कारोवार र स्थायी तरलता सुविधाबाट मात्र तरलता व्यवस्थापन गर्न सहज हुन सकेको छैन ।

## वित्तीय स्थायित्व र तरलता व्यवस्थापन

५०. मौद्रिक तरलतामा आएको संकुचन र घर-जग्गा क्षेत्रको कारोवारमा आएको शिथिलताले नगद प्रवाहमा कमी ल्याएको हुँदा बैंकिङ्ग क्षेत्रमा तरलता न्यूनताको स्थिति उत्पन्न भएको छ । समीक्षा वर्षमा खासगरी शोधनान्तर स्थितिमा अपेक्षित सुधार नहुनु र पूँजीगत खर्च विस्तारमा शिथिलता आउनु, अधिकांश समय नेपाल सरकारको नगद बचत कायम रहनु जस्ता कारणहरूले संचित मुद्रा प्रवाहमा कमी आई तरलताको स्थितिमा प्रणालीगत र अल्पकालीन दुबै प्रकृतिका समस्या देखापरेको

हो । यसका अतिरिक्त कतिपय वित्तीय संस्थाहरूको हकमा सम्पत्ति/दायित्व संरचना सन्तुलन कायम गर्न नसकेको, न्यून पूँजी अनुपात र उच्च कर्जा-निक्षेप अनुपातको स्थिति रहेको, अनुत्पादक क्षेत्रमा कर्जा केन्द्रित गरेको र अल्पकालीन श्रोतको आधारमा दीर्घकालीन सम्पत्ति सृजना गरेकोले यस्ता बैंक तथा वित्तीय संस्थाहरूले संरचनागत तरलता समस्या भोग्नु परेको छ । साथै, कमजोर संस्थागत सुशासनको अवस्थाबाट पनि केही वित्तीय संस्थाहरूमा तरलता व्यवस्थापनमा समस्या देखिएको छ ।

५१. वित्तीय प्रणालीमा पर्याप्त तरलताको स्थिति हुँदाहुँदै पनि केही संस्थाहरूमा तरलताको समस्या देखिंदा यस बैंकले भुक्तानी सम्वन्धी प्रणालीगत जोखिम आउन नदिन स्वनियमनमा रहेका र प्रणालीगत तथा संरचनागत कारणले तरलताको समस्यामा परेका बैंक तथा वित्तीय संस्थाहरूलाई खुला बजार कारोवारको संचालन, अन्तिम ऋणदाता सुविधा, तरलता व्यवस्थापनको लागि पुनरकर्जा सुविधा र स्थायी तरलता सुविधाको माध्यमबाट तरलताको आपूर्ति गर्दै आएको छ । यसका अतिरिक्त सम्पत्ति र दायित्वको संरचनामा तालमेल नमिलेको कारणवाट उत्पन्न हुन सक्ने संरचनागत तरलता र कमजोर वासलात जोखिम सम्वन्धी समस्यालाई सम्वोधन गर्न वृहत विवेकशील नियमन (Macro Prudential Regulation) का उपायहरू पनि कार्यान्वयनमा ल्याइएका छन् ।

५२. तरलताको समस्याबाट भुक्तानी प्रणालीमा नकारात्मक असर नपरोस् भन्ने उद्देश्यले यस बैंकले खुला बजार कारोवारबाट गत वर्ष रू. ७१ अर्ब ३९ करोडको खुद तरलता प्रवाह गरेको छ । खुला बजार कारोवार अन्तर्गत रिपो बोलकबोलबाट रू. ९२ अर्ब ३९ करोडको तरलता प्रवाह गरिएको छ । साथै, आर्थिक वर्षको अन्त्यतिर भएको नेपाल सरकारको खर्चले समीक्षा वर्षको शुरुको महिनाहरूमा बैंक तथा वित्तीय संस्थाहरूमा अधिक तरलता रहन गएको हुँदा सोझै बिक्री बोलकबोलबाट रू. २ अर्ब र रिर्भस रिपो बोलकबोलबाट रू. १९ अर्बको तरलता प्रशोचन भएको थियो ।

५३. तरलता समस्या समाधानका लागि वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूका लागि यस बैंकबाट उपलब्ध हुँदै आएको अल्पकालीन स्थायी तरलता सुविधा अन्तर्गत आर्थिक वर्ष २०६७/६८ मा कुल रू. २१६ अर्ब ६७ करोड उपयोग भएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा रू. ३१ करोड बक्यौता रहेको छ । समीक्षा वर्षमा विकास बैंक तथा वित्त कम्पनीले पनि यस सुविधा अर्न्तगत क्रमशः रू. २२ अर्ब २७ करोड र रू. ६ अर्ब २५ करोडको सुविधा उपयोग गरेका छन् ।

५४. वाणिज्य बैंकहरूले आर्थिक वर्ष २०६७/६८ मा कुल रू. ३९७ अर्ब ५६ करोडको अन्तर-बैंक कारोवार गरेका छन् । आर्थिक वर्ष २०६६/६७ मा उक्त कारोवार कुल रू. ३४४ अर्ब ५८ करोड रहेको थियो । अन्तर-बैंक कारोवारमार्फत् तरलता व्यवस्थापनलाई थप सहजीकरण गर्न "क", "ख" र "ग" वर्गका इजाजतपत्र प्राप्त संस्थाहरूले आफूलाई मान्य हुने असल कर्जा वा कुनै पनि प्रकृतिको सम्पत्तिको धितो सुरक्षण लिई निर्दिष्ट शर्तहरू अन्तर्गत रही एकआपसमा कर्जा/सापटी कारोवार गर्न सकिने नयाँ व्यवस्था गरिएको छ । यस्तो कर्जा/सापटी तरलता व्यवस्थापन गर्न तथा निक्षेपकर्तालाई भुक्तानी दिन मात्र उपयोग गर्न सकिने व्यवस्था छ । यस व्यवस्थाबाट

प्रणालीगत तरलता व्यवस्थापन र अन्तर-बैंक कारोवारमा निहित जोखिम कम गर्न सहयोग पुग्ने छ ।

५५. आर्थिक वर्ष २०६७/६८ मा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर २ अर्ब ४२ करोड खुद खरिद गरी रू. १७४ अर्ब ६६ करोड बराबरको तरलता प्रवाह गरेको छ । अघिल्लो वर्ष विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर १ अर्ब ६० करोड खुद खरिद गरी रू. ११८ अर्ब ६६ करोड बराबरको तरलता प्रवाह भएको थियो । तर, समीक्षा वर्षमा भारतसंगको व्यापारघाटा पूर्ति गर्न अमेरिकी डलर २ अर्ब ७४ करोड बिक्रीबाट भा.रू. १२३ अर्ब ८४ करोड खरिद भई बजारमा बिक्री भएकोले विदेशी मुद्रा खरिद-बिक्रीबाट खुदमा तरलता प्रशोचन हुन गएको छ ।

५६. तरल सम्पत्तिको अभावमा खुला बजार कारोवार जस्तो सामान्य मौद्रिक उपाय लगायत अन्य विद्यमान व्यवस्थाबाट तरलताको व्यवस्थापन हुन नसकेकोले वित्तीय तथा भुक्तानी प्रणालीप्रति सर्वसाधारणको विश्वासमा आँच आउन नदिन संरचनागत तरलता समस्यामा परेको संस्थालाई यस बैंकले असल कर्जाको धितोमा अन्तिम ऋणदाता सुविधा उपलब्ध गराएको छ । त्यसैगरी, वासलातमा असल सम्पत्ति भएका तर तुरून्तै तरल सम्पत्तिमा परिणत गर्न नसकिने कारणबाट तरलता व्यवस्थापनको समस्यामा परेका संस्थाहरूको लागि असल कर्जाको धितोमा ८० प्रतिशतसम्म पुनरकर्जा पाउने गरी १२०-दिने "तरलता व्यवस्थापनको लागि पुनरकर्जा सुविधा" को व्यवस्था गरिएको छ । यस सुविधा अन्तर्गत २०६८ असार मसान्तसम्ममा ३ विकास बैंक र १३ वित्त कम्पनीलाई रू. ७८ करोड ८७ लाख सापटी सुविधा उपलब्ध गराइएको छ ।

५७. २०६७/६८ असार मसान्तसम्म असल कर्जाको धितोमा उत्पादनमूलक क्षेत्रतर्फ कर्जा प्रवाह बढाउन बैंक तथा वित्तीय संस्थाहरूलाई रू. ५ अर्ब ३८ करोडको सामान्य पुनरकर्जा सुविधा प्रदान गरेकोमा रू. ३ अर्ब ५९ करोड बक्यौता रहेको छ । यस अवधिमा ९ वाणिज्य बैंक, ७ विकास बैंक र १ वित्त कम्पनीले उक्त सुविधा उपयोग गरेका छन् । यस्तो सुविधाबाट उत्पादनमूलक क्षेत्रतर्फ कर्जा प्रवाह बढाउन र प्रणालीमा तरलता प्रवाह गर्न मद्दत मिल्ने हुनाले प्रणालीगत जोखिम (Systemic Risk) आउन नदिनमा सहयोग पुगेको छ ।

## आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीति तथा वित्तीय क्षेत्र कार्यक्रम

५८. राष्ट्रिय अर्थतन्त्रको परिदृश्य र अन्तर्राष्ट्रिय आर्थिक जगतमा विकसित घटनाक्रमहरूले नेपाली अर्थतन्त्रमा पार्न सक्ने प्रभाव समेतको विश्लेषणको आधारमा आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीतिको कार्यदिशा, कार्यक्रम र मौद्रिक उपकरणको चयन गरिएको छ। समष्टिगत आर्थिक स्थायित्व हासिल गर्दै त्रिवर्षीय योजनाले परिलक्षित गरेको आर्थिक वृद्धिदर हासिल गर्न टेवा पुऱ्याउने रणनीति मौद्रिक नीतिले लिएको छ ।

### मौद्रिक नीतिको कार्यदिशा

५९. मूल्य वृद्धि र शोधनान्तर घाटाका अतिरिक्त तरलता व्यवस्थापन र वित्तीय स्थायित्व कायम राख्ने कार्य पनि मौद्रिक नीतिको चुनौतीको विषय भएको छ । विगत दुई

वर्षदेखि शोधनान्तर घाटामा रहेको र मुद्रास्फीतिमा अपेक्षित सुधार हुन नसकेको तर वित्तीय क्षेत्रको तरलतामा न्यूनता देखिएको स्थितिमा मौद्रिक नीतिको कार्यदिशा सजग र सन्तुलित रहनु आवश्यक छ । शोधनान्तर घाटा तथा मुद्रास्फीतिमा मौद्रिक विस्तारको प्रत्यक्ष प्रभाव नदेखिएको र यो अवस्था अर्थतन्त्रको संरचनागत समस्याको कारणबाट सृजना हुन गएको भएतापनि मौद्रिक विस्तारका कारण यो स्थितिमा प्रतिकूल असर नपरोस् भन्नेतर्फ मौद्रिक नीति सजग हुनै पर्दछ ।

६०. मौद्रिक नीतिको कार्यदिशा तय गर्दा विगत केही वर्षदेखि अधिमूल्यित रहेको यथार्थ विनिमयदर र यसले गार्हस्थ्य बचतमा पारेको नकारात्मक असरतर्फ पनि सचेत हुनुपर्ने अवस्था छ । मुद्रास्फीतिदर अपेक्षाकृत भन्दा उच्च विन्दुमा कायमै रहेको, उत्पादकत्वमा सुधार हुन नसकेको र लगानी वातावरण कमजोर रहेको पृष्ठभूमिमा मौद्रिक तथा कर्जा योगाङ्क र व्याजदरलाई सन्तुलित स्तरमा राख्न सहयोग पुग्ने गरी मौद्रिक व्यवस्थापन गर्नु परेको छ ।

६१. मुद्रास्फीति उच्च रहनुमा प्रमुख रूपमा आपूर्तिजन्य र लागत प्रेरित कारकहरूको भूमिका मुख्य रहेको छ भने मौद्रिक तरलताको प्रभाव ज्यादै न्यून रहेको अवस्था छ । यस्तो अवस्थामा आर्थिक वृद्धि र तरलताको सहजीकरणका लागि मौद्रिक विस्तारको बाटो तय गर्नुपर्ने र यसका लागि लगानीको वातावरणतर्फ पनि ध्यान दिनुपर्ने हुन्छ । कुल गार्हस्थ्य उत्पादनमा उपभोगको अंश बढ्दै गई ९३.३ प्रतिशत पुगेको र आन्तरिक आपूर्ति क्षमतामा सुधार हुन नसकेको वर्तमान पृष्ठभूमिमा मौद्रिक विस्तारबाट उपभोग्य आयात बढ्न गई आर्थिक वृद्धि, बचत र तरलताको स्थितिमा समेत प्रतिकूल प्रभाव पर्न सक्ने सम्भावनालाई दृष्टिगत गरी मौद्रिक नीतिको सन्तुलित कार्यदिशा तय गरिएको छ ।

६२. वित्तीय स्थायित्व केन्द्रीय बैंकको सरोकारको विषय रहँदै आएको सन्दर्भमा यस बैंकले वित्तीय स्थायित्वलाई पनि मौद्रिक नीतिको एक प्रमुख उद्देश्यको रूपमा अंगिकार गरेको छ । वित्तीय संस्थाहरूमा देखिने कमजोरीहरूलाई समयमै सम्बोधन गर्न पूर्व सचेतता प्रणाली, शीघ्र सुधारात्मक कारवाही, ग्राहक पहिचान नीति र जोखिममा आधारित सुपरिवेक्षण प्रणाली लागू गरिएको छ । यसलाई अघि बढाउँदै वित्तीय प्रणालीको जोखिम व्यवस्थापन गर्न केही निश्चित परिसूचकहरूको आधारमा बैंक तथा वित्तीय संस्थाहरूको दवाव परीक्षण (Stress Test) गर्ने र आकस्मिक योजना (Contingency Plan) बनाउने कार्यलाई अझ प्रभावकारी रूपमा अगाडि बढाइने छ । बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय क्षमतालाई सुदृढ बनाई राख्न पूँजी पर्याप्तता अनुपात, अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात, खुद तरलता अनुपात, कर्जा-निक्षेप अनुपात र क्षेत्रगत कर्जा सीमालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने तर्फ मौद्रिक नीतिलाई निर्देशित गरिएको छ ।

६३. हाल वित्तीय क्षेत्रमा तरलताको स्थिति न्यून देखिनुमा समष्टिगत आर्थिक स्थितिका अतिरिक्त संस्थागत सुशासनको कमजोरी पनि प्रमुख कारकको रूपमा रहेको तथ्य स्पष्ट भइसकेको छ । संस्थागत सुशासन सम्बन्धी कमजोरीबाट उत्पन्न तरलता र भुक्तानी सम्बन्धी समस्या सम्बोधन गर्न नियमन सम्वन्धी मापदण्डहरू (Regulatory Measures) लाई प्रयोगमा ल्याउने र सर्वसाधारणको विश्वासमा आँच आउन नदिने गरी खुला बजार कारोवार, सामान्य पुनरकर्जा सुविधा, तरलता व्यवस्थापनका लागि

पुनरकर्जा सुविधा र स्थायी तरलता सुविधा जस्ता मौद्रिक उपायमार्फत मौद्रिक व्यवस्थापन गरिनेछ ।

६४. शेयर तथा घर-जग्गा जस्ता सम्पत्तिको कारोवार र मूल्यमा आउने उतार-चढावले समग्र वित्तीय स्थितिमा समेत प्रतिकूल असर पुग्न गई निष्कृय सम्पत्ति बढ्न सक्ने जोखिम रहन्छ । निष्कृय सम्पत्तिमा हुन सक्ने वृद्धिबाट अन्ततः वित्तीय मध्यस्थताको प्रभावकारितामा दखल पुग्न जाने भएकोले यसतर्फ सजग रही मौद्रिक नीतिको कार्यदिशा तय गरिएको छ ।

६५. वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूको एकीकृत वासलात अनुसार कर्जा-निक्षेप अनुपात अझै उच्च रहेको देखिन्छ । बैंक तथा वित्तीय संस्थाहरू पूर्ण लगानी (Fully Loaned–Up) को अवस्थामा रहनु र कर्जा अनुत्पादक क्षेत्रतर्फ केन्द्रित हुनुले पनि तरलता व्यवस्थापन केही असहज बनेको स्थिति छ । मौद्रिक नीतिको सन्तुलित कार्यदिशा र नियमन मापदण्ड अनुरुप बैंक तथा वित्तीय संस्थाहरूले कर्जा-निक्षेप अनुपात घटाई यस बैंकले निर्दिष्ट गरेको सीमाभित्र ल्याउन सकेको खण्डमा तरलताको अवस्थामा पनि क्रमिक सुधार आउँदै जानेछ ।

६६. बैंकिङ्ग कर्जाको क्षेत्रगत वितरण सन्तोषजनक रहन सकेको छैन । मूल्य अभिवृद्धि ज्यादै न्यून हुने र अस्थीर प्रकृतिका क्षेत्रतर्फ बैंक कर्जा प्रवाह गर्दा यस्ता क्षेत्रहरूमा समय-समयमा आउने उतार-चढावले बैंकिङ्ग क्षेत्रको सम्पत्ति र सोको गुणस्तरमा ठूलो नोक्सान पुग्न सक्दछ । अनुत्पादक क्षेत्रतर्फको कर्जा लगानी विस्तार हुँदै जाने अवस्था वित्तीय तथा समष्टिगत आर्थिक स्थायित्वको दृष्टिले जोखिमपूर्ण हुने हुँदा त्यस्ता क्षेत्रतर्फको लगानीलाई निरूत्साहित गर्दै उत्पादनमूलक क्षेत्रतर्फ कर्जा प्रवाह बढाउन मौद्रिक व्यवस्थापन रणनीति, उपकरण छनौट र परिचालन पनि सोही अनुरुप हुने गरी केन्द्रित गर्नुपर्ने हुन्छ । यसर्थ, मौद्रिक नीतिको कार्यदिशा तय गर्दा मौद्रिक सहजताको सामान्य उपकरणहरूमा भन्दा पनि क्षेत्रगत कर्जामुखी उपकरणहरूमा जोड दिने नीति लिइएको छ ।

६७. हाल निक्षेपको वास्तविक व्याजदर सकारात्मक रहेको छ । तर, निक्षेपको व्याजदरभन्दा कर्जाको व्याजदरमा उच्च वृद्धि भएको देखिएकोले कर्जा-निक्षेपबीचको व्याजदर अन्तरलाई सन्तुलित सीमामा राख्न सहयोग पुग्ने गरी मौद्रिक उपायहरूको अवलम्बन गरिनेछ ।

**आर्थिक तथा मौद्रिक लक्ष्य**

६८. आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीतिको मुख्य लक्ष्यहरू मुद्राप्रदायको अधिक विस्तारबाट मुद्रास्फीति हुन नदिने, भुक्तानी सन्तुलन कायम गर्ने र वित्तीय स्थायित्वद्वारा आर्थिक वृद्धिमा टेवा पुऱ्याउने हुन् । मूल्य वृद्धिको लक्ष्य हासिल गर्न आपूर्ति पक्ष पनि बलियो हुनु आवश्यक छ । यस वर्षको मनसुन समयमा सुरु भएकोले कृषि क्षेत्रको उत्पादन सन्तोषप्रद हुने अनुमान गरिएको छ । समयमै सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्य आएकोले सरकारी पूँजीगत खर्च प्रभावकारी हुने तथा श्रम सम्वन्ध र विद्युत आपूर्तिमा सुधार भई औद्योगिक वातावरण समेत अनुकूल भएमा उद्योग तथा सेवा क्षेत्रको उत्पादनमा पनि सुधार हुने अनुमान गरिएको छ । उपरोक्त आन्तरिक आर्थिक परिदृश्यको पृष्ठभूमिमा मौद्रिक विस्तारबाट

मूल्यमा चाप पर्न नदिन मौद्रिक तथा कर्जा योगाङ्कहरूको वृद्धिलाई सन्तुलनमा राखी आर्थिक वर्ष २०६८/६९ मा वार्षिक औसत मूल्य वृद्धिदर ७ प्रतिशतमा राख्ने लक्ष्य निर्धारण गरिएको छ। नेपालका छिमेकी मुलुक लगायत अन्तर्राष्ट्रिय स्तरमै मूल्य वृद्धि नियन्त्रण तर्फ आर्थिक नीतिहरू निर्देशित गरिएको वर्तमान परिप्रेक्ष्यमा यसबाट नेपालमा पनि मूल्य वृद्धिलाई लक्षित स्तरमा कायम राख्न केही हदसम्म सहयोग पुग्ने अपेक्षा गरिएको छ।

६९. आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीतिको अर्को लक्ष्य भुक्तानी सन्तुलन कायम राखी कम्तिमा ६ महिनाको वस्तु तथा सेवा आयात धान्न आवश्यक विदेशी विनिमय संचिति कायम गर्न सहयोग पुग्ने गरी मौद्रिक व्यवस्थापन गर्ने रहेको छ। आयात र विदेशी विनिमय आर्जनका स्रोतहरूको विद्यमान प्रवृत्ति र पूर्वानुमानको आधारमा आर्थिक वर्ष २०६८/६९ मा रू. ५ अर्बको हाराहारीमा शोधनान्तर बचत हासिल हुने प्रक्षेपण गरिएको छ।

७०. आर्थिक वर्ष २०६८/६९ को बजेट वक्तव्यमा ५ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने उल्लेख छ। कृषि क्षेत्रको अतिरिक्त विद्युत आपूर्ति, निजी क्षेत्रको लगानी र नेपाल सरकारको पूँजीगत खर्चमा सुधार आएमा सो लक्ष्य हासिल हुन सम्भव छ। मनसुन समयमै शुरु भएकोले यस वर्ष मुख्य बाली धानको उत्पादन वृद्धिमा सघाउ पुग्ने अनुमान गरिएको छ। यसर्थ, विनियोजित पूँजीगत खर्च समयमै खर्च हुन सकेमा यसले आर्थिक गतिविधिलाई चलायमान बनाउन मद्दत गर्ने तथा निजी क्षेत्रको आत्मविश्वास सुदृढ भई आर्थिक गतिविधिमा अपेक्षित सुधार आएमा उल्लेखित आर्थिक वृद्धिदर सहजै हासिल हुने देखिन्छ। बजेट वक्तव्यमा उल्लिखित आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न सहज हुने गरी आवश्यक मौद्रिक व्यवस्थापन गरिने छ।

७१. मुद्रास्फीतिलाई ७ प्रतिशतमा सीमित राख्ने तथा भुक्तानी सन्तुलनमा सुधार गरी रू. ५ अर्बको शोधनान्तर बचत हासिल गर्ने गरी मौद्रिक नीतिका मूलभूत लक्ष्यहरू निर्धारण गरिएको पृष्ठभूमिमा ५ प्रतिशतको आर्थिक वृद्धिदरसंग सामन्जस्यता कायम गर्न मौद्रिक नीतिको अन्तरिम लक्ष्यको रूपमा लिइएको विस्तृत मुद्रा प्रदायको वृद्धिदर आर्थिक वर्ष २०६८/६९ मा १२.५ प्रतिशत रहने प्रक्षेपण गरिएको छ।

७२. आर्थिक वर्ष २०६८/६९ मा कुल आन्तरिक कर्जा १३.७ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ। वाणिज्य बैंकहरूबाट निजी क्षेत्रमा प्रवाह हुने कर्जाको वृद्धिदर अघिल्लो वर्षको १३.३ प्रतिशतको अनुमानको तुलनामा आर्थिक वर्ष २०६८/६९ मा १४.० प्रतिशत रहने प्रक्षेपण छ। निजी क्षेत्रतर्फ जाने कर्जाको प्रवाहलाई अनुत्पादक वस्तु आयात र उपभोगबाट उत्पादनशील क्षेत्रतर्फ उत्प्रेरित गर्दा उक्त स्तरको कर्जा विस्तार आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न पर्याप्त हुने अनुमान छ। सरकारी कुल खर्च र आन्तरिक ऋण परिचालन सम्वन्धी वजेट अनुमानलाई दृष्टिगत गर्दा आर्थिक वर्ष २०६८/६९ मा सरकारतर्फ प्रवाह हुने कर्जाको वृद्धिदर १२.१ प्रतिशत रहने प्रक्षेपण गरिएको छ।

७३. लक्षित आर्थिक वृद्धिदर, शोधनान्तर बचत र व्याजदरको वर्तमान संरचनाबाट निक्षेप परिचालनमा पर्ने सकारात्मक प्रभाव समेतको आधारमा आर्थिक वर्ष २०६८/६९ मा वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन १३ प्रतिशत अर्थात् रू. ८७ अर्बले वृद्धि भई कुल रू. ७५६ अर्ब पुग्ने प्रक्षेपण गरिएको छ।

**मौद्रिक नीति संचालनका उपकरण**

७४. मौद्रिक नीतिको प्रमुख उपकरणको रूपमा खुला बजार कारोबारलाई प्रयोग गर्ने कार्यलाई निरन्तरता दिइने छ। खुला बजार कारोबारको लागि पहल गर्दा मौद्रिक नीतिका उद्देश्यहरूको अवस्था र तरलता अनुगमन तथा प्रक्षेपण संरचनाले इङ्गित गर्ने परिमाणलाई मुख्य आधारको रूपमा लिइने छ। सोझै खरिद बोलकबोल तथा रिपो बोलकबोल र सोझै बिक्री बोलकबोल तथा रिभर्स रिपो बोलकबोल जस्ता खुला बजार उपकरणहरूको माध्यमबाट तरलता प्रवाह र प्रशोचन गरी मौद्रिक व्यवस्थापन गरिनेछ। हाल रिपोको माध्यमबाट हप्तामा दुईपटक तरलता प्रवाह गर्दै आएकोमा आवश्यकतानुसार यसलाई थपघट गरिनेछ। मौद्रिक व्यवस्थापनमा वाणिज्य बैंकका साथै "ख" र "ग" वर्गका वित्तीय संस्थाहरूलाई समेत मौद्रिक नीति संचालनको समकक्षीको रूपमा लिइने व्यवस्थालाई निरन्तरता दिइने छ। रिपो तथा रिभर्स रिपो बोलकबोलको विद्यमान अधिकतम ४५ दिनको अवधिलाई यथावत् कायम गरिएको छ। ट्रेजरी बिलका अतिरिक्त विकास ऋणपत्रको धितोमा समेत रिपो गर्न सकिने व्यवस्था गरिएको छ।

७५. आर्थिक वर्ष २०६८/६९ बाट मौद्रिक नीतिका सबै समकक्षीहरूसँग रहेको अनिवार्य नगद अनुपात बाहेकको अधिक तरलतालाई मौद्रिक नीतिको संचालन लक्ष्यको रूपमा लिइने छ। यसको लागि यस बैंकको वासलातको आधारमा तयार गरिने तरलता अनुगमन तथा प्रक्षेपण संरचनाको माध्यमबाट समकक्षीहरूसँगको अधिक तरलताको प्रक्षेपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। यसका साथै वाणिज्य बैंकहरूसंगको निक्षेप, कर्जा, नगद मौज्दात र अन्तरबैंक व्याजदर सम्बन्धी विवरण दैनिक रूपमा संकलन गरी तरलता स्थितिको अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइने छ।

७६. मूल्य वृद्धिदर अपेक्षाकृत भन्दा उच्च स्तरमा नै रहेको र शोधानान्तर स्थिति घाटामै रहेको अवस्थामा मौद्रिक सहजताको बाटो तय गर्दा यी दुबै पक्षमा जोखिम उत्पन्न हुन सक्ने भएपनि अधिक मौद्रिक संकुचनका कारणले आर्थिक वृद्धि संकुचित भएमा उपर्युक्त लक्ष्यहरूमा समेत प्रतिकूल प्रभाव पर्न सक्ने तर्फ उत्तिकै चनाखो हुनु आवश्यक छ। यस पृष्ठभूमीमा लक्षित आर्थिक वृद्धिलाई सहजीकरण गर्न र बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय मध्यस्थताको लागत कम गर्दै उत्पादनशील क्षेत्रमा कर्जा प्रवाहको लागि थप साधन उपलब्ध गराउने उद्देश्यले "क" वर्गका वाणिज्य बैंक तथा चल्ती र/वा कल खाता समेतको निक्षेप स्वीकार गर्ने "ख" र "ग" वर्गका इजाजतपत्र प्राप्त संस्थाले यस बैंकमा कायम गर्नुपर्ने प्रचलित ५.५ प्रतिशतको अनिवार्य नगद अनुपातमा ०.५ प्रतिशत विन्दुले कटौती गरी ५.० प्रतिशत कायम गरिएको छ।

७७. २०६८ बैशाख महिनाको एकीकृत वासलातको आधारमा अनिवार्य नगद अनुपातमा गरिएको कटौतीबाट बैकिङ्ग प्रणालीमा करिव रू. ४ अर्ब बराबरको थप तरलता प्रवाह हुने अनुमान छ। यसबाट उत्पादनशील क्षेत्रमा लगानी बढाउन सहयोग पुग्ने विश्वास गरिएको छ।

७८. मौद्रिक नीतिका समकक्षीहरूको सम्पत्ति संरचनामा तरल सम्पत्तिको हिस्सा बढोस् र निक्षेपको आयतन वृद्धि हुँदै जाँदा यस्तो सम्पत्तिको आयतनमा स्व-समायोजन भई

सम्पत्तिको गुणस्तरमा कमी नआओस् भन्ने उद्देश्यले कायम गरिएको वैधानिक तरलता अनुपात सम्बन्धी विद्यमान व्यवस्थालाई निरन्तरता दिइएको छ।

७९. मुद्रास्फीति तथा शोधनान्तर घाटा र वित्तीय स्थायित्वलाई दृष्टिगत गरी विद्यमान व्याजदर संरचना र मौद्रिक नीतिको कार्यदिशाको संकेतको रूपमा हेरिने बैंक दरलाई ७ प्रतिशतमा र सामान्य पुनरकर्जा सुविधाको दरलाई बैंकदर सरह ७ प्रतिशतमा नै यथावत कायम गरिएको छ।

८०. वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूको तरलता व्यवस्थापनमा सुधार ल्याउन र भुक्तानी प्रणालीप्रति सर्वसाधारणको विश्वासमा कमी आउन नदिई वित्तीय स्थायित्व कायम गर्न आर्थिक वर्ष २०६७/६८ मा लागू गरिएको अल्पकालीन "तरलता व्यवस्थापनको लागि पुनरकर्जा सुविधालाई" क्रमशः परिमार्जन गर्दै लगिनेछ। यस बैंकबाट बढीमा ६ महिनाको समयसीमाको लागि निश्चित अवस्थाहरूमा बैंक तथा वित्तीय संस्थाहरूलाई उपलब्ध गराइने अन्तिम ऋणदाता सुविधा सम्वन्धी विद्यमान व्यवस्थालाई यथावत कायम गरिएको छ। यस सम्बन्धी सुविधाहरूलाई थप फराकिलो बनाउन अन्य सम्पत्तिको धितोमा समेत सुविधा उपलव्ध गराउन नयाँ व्यवस्था गरिने छ। साथै, बैंक तथा वित्तीय संस्थाहरूको पहलमा यस बैंकबाट स्वतः उपलब्ध हुने स्थायी तरलता सुविधाको व्याजदर गणना गर्दा ९१-दिने ट्रेजरी विलको भारित औसत व्याजदर वा प्रचलित बैंकदर, जुन अधिकतम छ, त्यसमा ३ प्रतिशत विन्दु थप गरी व्याजदर कायम गर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ। यस सुविधा सम्बन्धी अन्य प्रक्रियागत व्यवस्थालाई समेत यथावत कायम गरिएको छ।

८१. यस बैंकबाट निर्यात उद्योग, रूग्ण उद्योग, साना तथा घरेलु उद्योग र वैदेशिक रोजगारीको लागि तोकिएका वर्गमा प्रवाह हुने कर्जाको विशेष पुनरकर्जादरहरूलाई १.५ प्रतिशतमा यथावत कायम गरिएको छ। यो सुविधा उपयोग गर्दा वाणिज्य बैंक तथा वित्तीय संस्थाले सम्बन्धित ग्राहकबाट ४.५ प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने व्यवस्था गरिएको छ।

८२. वाणिज्य बैंकहरूलाई विदेशी मुद्रामा उपलब्ध गराइने निर्यात पुनरकर्जाको ब्याजदर प्रचलित लाइवोर दर (Libor Rate) मा ०.२५ प्रतिशत विन्दु थप गरी निर्धारण गरिने व्यवस्थालाई यथावत कायम गरिएको छ।

## लघुवित्त तथा वित्तीय पहुँच

८३. लघु वित्तीय संस्थाहरूले प्रदान गर्ने वित्तीय सेवालाई एकीकृत गरी पिछडिएका क्षेत्र, वर्ग, लिङ्ग तथा समुदायलाई सशक्त रूपले लघुवित्तीय सेवा उपलब्ध गराउन लघुवित्त प्राधिकरण गठन गर्ने कार्यको लागि आवश्यक ऐनको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पठाइसकिएको छ। यस्ता संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षणका लागि नियामक निकायको रूपमा लघुवित्त प्राधिकरण स्थापना गर्ने कार्यलाई शीघ्र अगाडि बढाइने छ। लघुवित्त संस्थाहरूबाट हुने कारोवारको दायरा फराकिलो पारी गरीब तथा बिपन्न वर्ग कर्जाका लागि एउटा स्वायत्त लघुवित्त कोषको स्थापना गर्ने कार्य समेत अगाडि बढाइनेछ।

८४. वित्तीय सेवाको पहुँच अभिवृद्धिको लागि यस क्षेत्रमा संस्थागत प्रयासहरू भएपनि सुदूर पश्चिम तथा मध्य-पश्चिमका पहाडी क्षेत्रमा वित्तीय सेवाको पहुँच अत्यन्तै

कमजोर रहेको सन्दर्भमा त्यस क्षेत्रमा वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्ने सम्बन्धमा एक अध्ययन गरी प्राप्त नीतिगत सुझावहरूलाई कार्यान्वयनमा ल्याइनेछ । साथै, वित्तीय साक्षरता न्यून रहेको कारणबाट वित्तीय सेवा प्रवाह प्रभावकारी हुन नसकेको तथ्यलाई दृष्टिगत गरी यस सम्बन्धमा राष्ट्रिय रणनीति तयार गरिने छ ।

८५. वित्तीय सेवाको पहुँच कम भएका तोकिएका ९ जिल्लामा "घ" वर्गका वित्तीय संस्थाले शाखा खोली वित्तीय सेवाको कार्यक्रम संचालन गरेमा यस बैंकबाट सम्बन्धित संस्थाको पूँजी क्षमता हेरी नयाँ शाखा संचालनका लागि रू. १५ लाखसम्म निश्चित समयका लागि शून्य व्याजदरमा सापटी उपलब्ध गराइनेछ ।

८६. वित्तीय पहुँच बढाउने उद्देश्यले वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीले छ महिना अघि कायम रहेको कुल बाँकी कर्जा-सापटको आधारमा क्रमशः ३ प्रतिशत, २.५ प्रतिशत र २ प्रतिशत अनिवार्य रूपमा विपन्न वर्गमा कर्जा लगानी गर्नुपर्ने विद्यमान व्यवस्थालाई परिवर्तन गरी उक्त अनुपातहरूलाई क्रमश ३.५ प्रतिशत, ३.० प्रतिशत र २.५ प्रतिशत पुऱ्याइएको छ । यो अनुपातलाई आगामी ३ वर्षसम्म क्रमशः ०.५ प्रतिशत विन्दुका दरले वृद्धि गरी वित्तीय संस्थाहरूबाट समेत विपन्न वर्गको आयआर्जन र रोजगारीमा उल्लेख्य योगदान पुऱ्याउने व्यवस्था गरिने छ । विपन्न वर्गमा प्रवाह गर्ने गरी प्राप्त सापटी रकमलाई लक्षित वर्गमा कर्जा प्रवाह नगरी कुनै पनि बैंक तथा वित्तीय संस्थाहरूमा व्याज आर्जन गर्ने अभिप्रायले खाता खोली जम्मा गर्न नपाउने व्यवस्थालाई यथावत राखिएको छ ।

८७. "घ" वर्गका लघुवित्त विकास बैंकहरूले सामूहिक/व्यक्तिगत जमानीमा वा धितो लिई/नलिई विपन्न वर्ग तथा लघु कर्जामा लगानी गर्न पाउने कर्जाको विद्यमान सीमालाई रू. ९० हजार र लघुउद्यम कर्जाको सीमालाई रू. २ लाखमा यथावत राखिएको छ । साथै, रू. २ लाखको सीमामा कर्जा प्रवाह गर्दा विपन्न वर्गमा जाने कुल कर्जासापटको एक तिहाईभन्दा बढी हुन नहुने व्यवस्था पनि यथावत कायम गरिएको छ । साथै, विगत दुई वर्षदेखि विपन्न वर्ग कर्जा उपभोग गरी असल वर्गमा परेका प्रति समूह सदस्य/व्यक्तिलाई सामूहिक/व्यक्तिगत जमानतमा "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाले रू. ९० हजारसम्म र लघु उद्यमको लागि रू. २ लाखसम्म कर्जा प्रवाह गर्न सक्ने विद्यमान व्यवस्थालाई यथावत राखिएको छ ।

८८. माध्यमिक तथा उच्च माध्यमिक तह सरहको प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनको लागि विपन्न परिवारका युवाहरूलाई बैंक तथा वित्तीय संस्थाहरूबाट बिना धितोमा प्रवाह हुने रू. २ लाखसम्मको कर्जालाई विपन्न वर्ग कर्जामा गणना गरिने व्यवस्थालाई यथावत राखिएको छ । यस्तो कर्जाको सुरक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

८९. आर्थिक र व्यवसायिक कृयाकलापमा महिलाहरूको सहभागिता बढाई महिला सशक्तीकरणमा सहयोग पुऱ्याउन महिलाहरूद्वारा संचालित लघु उद्यमलाई बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको रू. ३ लाखसम्मको कर्जालाई विपन्न वर्ग कर्जामा समावेश गर्ने तथा यस्तो कर्जामा यस बैंकबाट सामान्य पुनरकर्जा दरमा पुनरकर्जा सुविधा उपलब्ध गराइने व्यवस्थालाई पनि यथावत राखिएको छ ।

९०. सामुदायिक उपभोक्ता समिति वा निजी क्षेत्रले ५०० किलोवाट क्षमतासम्मको जलविद्युत आयोजनाको कुल लागतको न्यूनतम ५० प्रतिशत वा सो भन्दा बढी लगानी गर्ने परियोजनामा बैंक तथा वित्तीय संस्थाहरूले सामुदायिक उपभोक्ता समिति वा निजी क्षेत्रलाई प्रदान गर्ने रू. १ करोडसम्मको कर्जा तथा सापटलाई विपन्न वर्ग कर्जा अन्तर्गत गणना गरिने व्यवस्थालाई यथावत कायम गरिएको छ । साथै, ग्रामीण क्षेत्रमा गठित उपभोक्ता समिति वा त्यस्तो क्षेत्रमा कार्यरत सहकारी संस्था मार्फत सामुदायिक सिंचाई प्रणालीमा प्रवाह गरेको कर्जा तथा ग्रामीण क्षेत्रमा ट्याक्टर, थ्रेसर तथा अन्य कृषि औजार खरिद गर्ने प्रयोजनको लागि प्रवाह भएको कर्जालाई विपन्न वर्ग कर्जामा समावेश गर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

९१. तोकिएको मापदण्ड पूरा गरेका ग्रामीण क्षेत्रमा संचालित सामुदायिक अस्पताललाई बैंक तथा वित्तीय संस्थाहरूबाट प्रत्यक्ष रूपमा प्रवाह हुने रू. १ करोडसम्मको कर्जालाई समेत विपन्न वर्ग कर्जामा गणना गरिने व्यवस्था मिलाइनेछ ।

९२. किसान वर्गले अन्नबाली संरक्षण गर्ने प्रयोजनार्थ सामूहिक स्वामित्वमा कोल्डस्टोरेज स्थापना गर्न चाहेमा सोको लागि प्रवाह हुने प्रति परिवार रू. १ लाख ५० हजारसम्मको कर्जालाई विपन्न वर्ग कर्जाको रूपमा गणना गरिने छ । साथै, पशुपालन, मत्स्यपालन, मौरीपालन जस्ता व्यवसायको लागि प्रति परिवार रू. २ लाख ५० हजारसम्मको कर्जालाई पनि विपन्न वर्ग कर्जाको रूपमा गणना गर्ने व्यवस्था यथावत कायम गरिएको छ ।

९३. विपन्न वर्ग कर्जा लगानीलाई प्रोत्साहित गर्न सामूहिक/व्यक्तिगत/संस्थागत जमानीमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विपन्न वर्गमा गणना हुने गरी प्रवाह गरिएको कर्जाको लागि अतिरिक्त २० प्रतिशत थप कर्जा नोक्सानी व्यवस्था कायम गर्नु नपर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

९४. वित्तीय सेवाको पहुँच कम भएका क्षेत्रहरूलाई प्राथमिकता दिई दोहोरपना (Duplication) नहुने गरी "घ" वर्गका वित्तीय संस्थाहरूलाई इजाजत दिने व्यवस्था मिलाइनेछ ।

९५. यस बैंकबाट इजाजतपत्रप्राप्त "ग" वर्गका वित्तीय संस्थाहरूले शाखा विस्तार गर्दा काठमाडौं उपत्यकाभित्र प्रति शाखा रू. २ करोड र उपत्यकाबाहिर प्रति शाखा रू. ५० लाख चुक्ता पूँजी थप गर्नुपर्ने व्यवस्था रहेकोमा त्यस्ता वित्तीय संस्थाहरूलाई वित्तीय सेवाको पर्याप्त पहुँच नपुगेका ठाउँमा शाखा विस्तारको लागि प्रोत्साहन गर्न दुईवटा सम्ममात्र बैंक तथा वित्तीय संस्था वा तीनका शाखा भएका स्थानमा शाखा विस्तार गरेमा त्यस्तो अतिरिक्त चुक्ता पूँजी थप गर्नु नपर्ने व्यवस्थालाई आर्थिक वर्ष २०६८/६९ मा पनि निरन्तरता दिइएको छ ।

९६. वित्तीय सेवाको पहुँच नपुगेका क्षेत्रहरूमा बैंक तथा वित्तीय संस्थालाई शाखा खोल्न प्रोत्साहन गरी वित्तीय समावेशीकरणलाई अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकारले तोकेको २२ दुर्गम जिल्लाका सदरमुकाममा शाखा खोलेमा रू. ५० लाखसम्म र सदरमुकामभन्दा बाहिर शाखा खोलेमा रू. १ करोडसम्म निर्व्याजी रकम निश्चित अवधिको लागि सापटीको रूपमा उपलब्ध गराउने व्यवस्था अन्तर्गत हालसम्म ६ वाणिज्य बैंक र पाँच विकास बैंकले गरी जम्मा रू. १५ करोडको सुविधा उपयोग

गरेका छन् । यसमा दुर्गम जिल्लाको परिभाषाबाट मात्र लाभ लिने प्रवृत्ति नबढोस् भनेर नीतिगत व्यवस्थामा आवश्यक परिमार्जन गरिनेछ । साथै, बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका तोकिएका ३० जिल्लाहरूमा कम्तीमा एक शाखा र अन्यत्र एक शाखा गरी दुईवटा शाखा खोली संचालनमा ल्याए पश्चात् मात्र काठमाडौं उपत्यकाभित्र एक शाखा खोल्न पाउने नीतिगत व्यवस्थालाई निरन्तरता दिइएको छ । यो प्रावधान अन्तर्गत वित्त कम्पनीले शाखा खोल्न चाहेमा अतिरिक्त पूँजी नचाहिने व्यवस्था गरिएको छ ।

९७. प्राकृतिक व्यक्तिको नाममा “ख”, “ग” र “घ” वर्गका वित्तीय संस्थामा बचत तथा मुद्दती निक्षेपमा रहेको रू. २ लाखसम्मको निक्षेप सुरक्षण गर्ने व्यवस्था भइरहेकोमा यो व्यवस्थालाई वाणिज्य बैंकमा पनि लागू गरिनुका साथै निक्षेप सुरक्षण रकमको सीमा क्रमशः बढाउँदै लगिनेछ ।

९८. बैंक तथा वित्तीय संस्था र अन्य वित्तीय मध्यस्थता सेवा सम्बन्धी कार्य गर्ने संस्थाहरूको उपस्थिति, संस्थागत कर्जाको अवस्था, अनौपचारिक क्षेत्रको वित्तीय कारोवार, ग्रामीण वित्तीय पहुँच, कर्जा तथा व्याजदरको अवस्था आदि जस्ता पक्षहरूको बारेमा जानकारी लिने उद्देश्यले आर्थिक वर्ष २०६७/६८ मा प्रारम्भिक कार्य शुरु गरिएको ग्रामीण कर्जा सर्वेक्षण कार्यलाई आर्थिक वर्ष २०६८/६९ मा अघि बढाइनेछ ।

## वित्तीय क्षेत्र सुधार, नियमन तथा सुपरिवेक्षण

९९. विगत केही वर्षदेखि कार्यान्वयनमा ल्याइएको वित्तीय क्षेत्र सुधार कार्यक्रमलाई आर्थिक वर्ष २०६८/६९ मा पनि निरन्तरता दिइनेछ । वित्तीय क्षेत्र सुधार कार्यक्रम अर्न्तगत संचालन गरिएको नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको पुनरसंरचना, नेपाल राष्ट्र बैंकको रि-ईञ्जिनियरिङ्ग र वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रमहरूलाई कार्यान्वयन गर्दै लगिनेछ ।

१००. बैंकिङ्ग क्षेत्रमा प्रचलित अन्तर्राष्ट्रिय सुपरिवेक्षकीय मान्यता बमोजिम पूँजीकोष सम्वन्धी नयाँ मापदण्ड वासेल द्वितीय (BASEL II) “क” वर्गका इजाजत प्राप्त संस्थाको हकमा आर्थिक वर्ष २०६५/६६ देखि पूर्णरूपमा कार्यान्वयनमा ल्याइएको र यस सम्वन्धी मापदण्डलाई राष्ट्रिय स्तरका “ख” वर्गका वित्तीय संस्थाको हकमा पनि २०६७/६८ देखि समानान्तर रूपमा लागू गरिएकोमा यस कार्यलाई आगामी दिनहरूमा थप प्रभावकारी बनाइनेछ । साथै, बैंकिङ्ग व्यवसायमा निहित जोखिम अनुसार पूँजी व्यवस्थापनको थप सुदृढीकरणका लागि आन्तरिक पूँजी पर्याप्तता मूल्याँकन प्रकृया (Internal Capital Adequacy Assessment Process – ICAAP) सम्बन्धी निर्देशिका तयार गरी लागू गरिने छ । बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने पूँजी पर्याप्तता सम्वन्धी विद्यमान व्यवस्थालाई यथावत कायम गरिएको छ ।

१०१. वित्तीय क्षेत्र स्थायित्वको लागि बैंक तथा वित्तीय संस्थाहरूको सम्पत्ति/कर्जाको गुणस्तर उच्च रहनु जरूरी छ । यसको अनुगमनलाई प्रभावकारी तुल्याउन सुपरिवेक्षणको जोड कर्जाको गुणस्तरतर्फ उन्मुख हुने व्यवस्था गरिनेछ । यसतर्फ केन्द्रित गरी प्रत्येक आर्थिक वर्षभित्रमा सबै वित्तीय संस्थाहरूको स्थलगत निरीक्षण सम्पन्न गर्न निरीक्षण तथा सुपरिवेक्षण सम्वन्धी व्यवस्थालाई प्रभावकारी रूपमा

कार्यान्वयन गरिनेछ । यसका लागि सुपरिवेक्षकीय विभागहरूको थप सुदृढीकरण गरिनेछ ।

१०२. वित्तीय क्षेत्रमा बढ्दै गएको प्रतिस्पर्धा एवं नयाँ वित्तीय उपकरण एवं सेवाहरूको तीव्र गतिमा विस्तार भइरहेको परिप्रेक्ष्यमा आगामी वर्षहरूमा बैंकहरूलाई जोखिमका आधारमा सुपरिवेक्षण गर्ने विधि योजनाबद्ध रूपमा क्रमशः लागू गर्न "जोखिममा आधारित सुपरिवेक्षण मार्गदर्शन" तयार गर्ने कार्य अन्तिम चरणमा रहेकोले उक्त मार्गदर्शनलाई कार्यान्वयनमा ल्याई विद्यमान सुपरिवेक्षण पद्धतिलाई जोखिममा आधारित (Risk based) सुपरिवेक्षण पद्धतितर्फ उन्मुख गरिने छ । यस कार्यलाई थप प्रभावकारी बनाउन विद्यमान निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०५९ मा आवश्यक सुधार गरिनेछ । साथै, सुपरिवेक्षकीय क्षमता अभिवृद्धिका लागि जनशक्ति व्यवस्थापन तथा विभागीय पुनरसंरचनाको कार्य गरिनेछ ।

१०३. नेपाल राष्ट्र बैंकको सुपरिवेक्षकीय क्षमता अभिवृद्धि गर्ने क्रममा अन्तर्राष्ट्रिय परामर्शदाताबाट आवश्यक सहयोग लिई यसको प्रभावकारी कार्यान्वयन गर्ने कार्य सुरु गरिसकिएको छ । यसका साथै बैंक तथा वित्तीय संस्थाहरूको प्रभावकारी सुपरिवेक्षणको लागि सूचना व्यवस्थापन प्रणाली समेत सुदृढ हुनुपर्ने हुँदा यस बैंक र इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबीच प्रवाह हुने सूचना एवम् तथ्याङ्कलाई छिटो-छरितो, भरपर्दो र यथार्थपरक बनाउन सूचना प्रणालीको यान्त्रिकीकरणमा विशेष जोड दिइनेछ ।

१०४. जोखिममा आधारित सुपरिवेक्षण पद्धतिलाई थप प्रभावकारी बनाउन स्थलगत तथा गैर-स्थलगत निरीक्षणको विद्यमान संयन्त्रमा पुनरावलोकन एवं परिमार्जन गरिनेछ । गैर-स्थलगत सुपरिवेक्षकीय क्षमता अभिवृद्धि गर्दै लैजाने उद्देश्य अनुरुप विद्यमान पूर्व-सचेतता प्रणाली (Early Warning System) लाई अझै बढी प्रभावकारी बनाउंदै लगिने छ । यसका अतिरिक्त बैंकहरूको सम्भावित जोखिम पहिचान तथा व्यवस्थापन प्रणाली विकास गरी वित्तीय प्रणालीमा अकस्मात आउन सक्ने संकटलाई समयमै सम्वोधन गर्न तत्काल लिनु पर्ने कदमहरूका सम्बन्धमा आकस्मिक योजना (Contingency Plan) तयार गरिनेछ । यस अन्तर्गत संकट व्यवस्थापन (Crisis Management) का चरणबद्ध कार्यहरू निर्धारण गरी सो सहितको समस्यामूलक बैंक पुनरूत्थान संरचना (Bank Resolution Framework) तयार गरिनेछ ।

१०५. अर्थतन्त्रमा आउने उतार-चढावले बैंकहरूको वित्तीय स्वास्थ्यमा पार्न सक्ने सम्भावित प्रभाव आंकलन गर्न दवाव परीक्षण (Stress Test) अन्तर्गत नमूना परीक्षणको कार्य सम्पन्न भइसकेको छ । नमूना परीक्षणबाट प्राप्त पृष्ठपोषणको आधारमा बैंकहरू स्वयंले आफ्नो दवाव परीक्षण गर्न सक्ने गरी आवश्यक मार्गदर्शन जारी गरिनेछ । साथै, बैंक तथा वित्तीय संस्थाहरूको तरलता व्यवस्थापनको लागि अग्र-दृष्टिकोण सम्बन्धी विश्लेषण (Forward Looking Analysis) क्षमतालाई सहयोग पुऱ्याउन संस्थागत (Institution-wise) तरलता अनुगमन संरचना (Liquidity Monitoring Framework) तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

१०६. निरीक्षण तथा सुपरीवेक्षणको क्रममा देखिएका कमी-कमजोरीलाई तुरून्त सुधार गरी वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता निरन्तर कायम राख्न आर्थिक वर्ष

२०६५/६६ देखि ल्याइएको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को कार्यान्वयन एवं अनुगमनको प्रक्रियालाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

१०७. नयाँ वाणिज्य बैंक तथा राष्ट्रिय स्तरका वित्तीय संस्था स्थापनाको लागि निवेदन लिने कार्य अर्को नीतिगत व्यवस्था नभएसम्मको लागि स्थगित रहेकोमा सो व्यवस्थालाई यथावत राखी वित्तीय सुदृढीकरण प्रवर्द्धन गर्नेतर्फ नीतिगत प्रयास गरिने छ । मुलुकमा वित्तीय सेवा पहुँच अभिवृद्धिको स्थिति असमान रहेको तथ्यलाई दृष्टिगत गरी वित्तीय सेवाको पहुँच कम रहेको ग्रामीण क्षेत्रहरूलाई कार्यक्षेत्र कायम गरी वित्तीय संस्था संस्थापना गर्न प्राथमिकता दिन छनौटपूर्ण इजाजतपत्र सम्बन्धी नीति अख्तियार गरिनेछ ।

१०८. विद्यमान इजाजतपत्र नीतिका आधारमा आवेदन गरेका बैंक तथा वित्तीय संस्थाहरूले इजाजतपत्रको प्रक्रिया अन्तर्गत संस्थापकहरू परिवर्तन गर्ने र शेयर पूँजी स्वामित्व संरचना थपघट तथा परिवर्तन गर्ने प्रवृत्ति बढ्दै गएको देखिएबाट यस किसिमको समस्या समाधान गरी वास्तविक लगानीकर्ताहरूबाट बैंक तथा वित्तीय संस्था प्रवर्द्धन हुने वातावरण मिलाउन विद्यमान नीतिगत व्यवस्थामा समयसापेक्ष पुनरावलोकन गरिनेछ ।

१०९. बैंक तथा वित्तीय संस्था संचालनमा योग्य, अनुभवी र व्यावसायिक लगानीकर्ताहरूको सहभागिता बढ्न सकेमा मात्र वित्तीय प्रणालीमा प्रभावकारिता अभिवृद्धि हुन सक्ने भएकोले संस्थापकहरूको संख्यात्मक उपस्थिति भन्दा पनि रणनीतिक सहभागिता बढाउनको लागि नयाँ स्थापना हुने बैंक तथा वित्तीय संस्थाहरूको संस्थापक शेयरधनीको योग्यता मूल्याङ्कन गर्ने प्रणालीमा आवश्यक सुधार गरिनेछ ।

११०. वित्तीय स्थायित्वको लागि बैंक तथा वित्तीय संस्थाहरूको संख्यात्मक वृद्धि भन्दा गुणात्मक क्षमता अभिवृद्धि गरी वित्तीय स्थायित्व र कुशल वित्तीय सेवा सुनिश्चित गर्न "बैंक तथा वित्तीय संस्थाहरू एकआपसमा गाभ्ने वा गाभिने सम्बन्धी विनियमावली-२०६८" जारी भइसकेको छ । साथै, आर्थिक वर्ष २०६८/६९ को बजेट वक्तव्यमार्फत् नेपाल सरकारले बैंक तथा वित्तीय संस्थाहरूलाई एकआपसमा गाभ्न प्रोत्साहन गर्न यस बैंकको सिफारिसमा रजिष्ट्रेशन शुल्कमा छुट दिने व्यवस्था समेत गरिसकेको छ । बैंक तथा वित्तीय संस्थाहरूको एकआपसमा रहेको वित्तीय स्वार्थ, संस्थापक शेयरधनीहरूको दोहोरो संलग्नता र वित्तीय सवलताका आधारमा बैंक तथा वित्तीय संस्थाहरूलाई एकआपसमा गाभ्ने तथा गाभिने कार्यमा प्रोत्साहित गरी संस्थागत सुशासन, स्वच्छ प्रतिस्पर्धा र वित्तीय सुदृढीकरणमार्फत् वित्तीय स्थायित्वलाई प्रभावकारी बनाइनेछ ।

१११. वित्तीय अनुशासन प्रवर्द्धनका लागि संस्थागत सुशासन, निर्देशनको पालना तथा संस्था अनुगमन सम्बन्धी व्यवस्थालाई अझ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । यस पक्षमा सुधार गर्न बैंक तथा वित्तीय संस्थाका संचालकले आफू वा आफ्नो परिवारका सदस्य तथा आफ्नो वा आफ्नो परिवारको स्वामित्व वा नियन्त्रणमा रहेको फर्म-कम्पनीको नाममा विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट लिएको कर्जा सम्बन्धी स्वघोषणा विवरण अद्यावधिक गरी राख्ने व्यवस्था मिलाइनेछ ।

११२. बैंक तथा वित्तीय संस्थाहरूले गर्ने पूँजीगत खर्च र अन्य मसलन्द खर्चमा पारदर्शिता र मितव्ययिता अपनाएको छ/छैन भनी लङ्ग फर्म अडिट प्रतिवेदनमा उल्लेख गरी वाह्य लेखापरीक्षकबाट तयार गरिने प्रतिवेदनमा समेत उल्लेख गर्ने व्यवस्थालाई थप सुदृढ गरिनेछ ।

११३. बैंक तथा वित्तीय संस्थाहरूको संख्यात्मक वृद्धिसँगै एउटै ग्राहकले एकभन्दा बढी वित्तीय संस्थाहरूसँग गर्ने बैंकिङ्ग (कर्जा) कारोवार समेत वृद्धि भइरहेको सन्दर्भमा यस्तो कारोवार गरे/नगरेको सम्बन्धमा जानकारी लिन ग्राहक पहिचान व्यवस्था अन्तर्गत बहु-बैंकिङ्ग घोषणा गराउनु पर्ने व्यवस्थालाई थप प्रभावकारी बनाई बहु-बैंकिङ्ग कारोवारबाट कर्जाको जोखिम बढ्न नदिन आवश्यक व्यवस्था गरिनेछ ।

११४. वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत ऋण असुली न्यायाधिकरण तथा कर्जा सूचना केन्द्र लि. को सुदृढीकरण गर्ने कार्यलाई कार्यान्वयन गर्दै लगिनेछ । बैंक तथा वित्तीय संस्थाको निष्कृय कर्जामा सुधार ल्याउन निजी क्षेत्रको सहभागितामा सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

११५. बैंक तथा वित्तीय संस्थाबाट उपभोग गरेको ऋण सम्बन्धित ऋणीले नतिरी उन्मुक्ती पाउने सम्भावना रहेमा वित्तीय क्षेत्र स्थायित्व कायम गर्न असहज हुनुको साथै बैंक तथा वित्तीय संस्थामा गरिने निरीक्षण तथा सुपरिवेक्षणको कामकारवाही पनि प्रभावकारी हुन सक्दैन । यसर्थ, नियतवश ऋण नतिर्ने ऋणीहरूलाई गरिने कारवाही सम्बन्धमा आवश्यक कार्यविधि बनाई लागू गरिनेछ । साथै, बैंक तथा वित्तीय संस्थाहरूबाट रू. १ करोड वा सो भन्दा बढी कर्जा लिई नियतवश ऋण नतिर्ने ऋणीहरूको राहदानी जफत लगायतका अन्य कारवाहीलाई थप प्रभावकारी बनाइने छ । साथै, बैंक तथा वित्तीय संस्थाबाट लिइएको कर्जा तोकिएको क्षेत्रमा लगानी नगरेर अन्य क्षेत्रमा लगानी गर्ने एवम् कर्जा लिनका लागि व्यवसाय दर्ता गर्ने र त्यसका आधारमा कर्जा लिई नियतवस ऋण नतिर्ने ऋणीहरूलाई समेत नेपाल सरकारसँग आवश्यक समन्वय गरी कानूनको दायरामा ल्याउन आवश्यक व्यवस्था गरिनेछ ।

११६. जलविद्युत उत्पादन परियोजनामा बैंक तथा वित्तीय संस्थाहरूको कर्जा प्रवाह बढ्न सकोस् भन्ने उद्देश्यले पुनरकर्जा सम्बन्धी विद्यमान व्यवस्थामा आवश्यक पुनरावलोकन गरिनेछ ।

११७. बैंक तथा वित्तीय संस्थाले प्रवाह गर्ने व्यक्तिगत अधिविकर्ष कर्जालाई सीमावद्ध तथा नियमित एवं नियन्त्रित गर्न आवश्यक व्यवस्था गरिनेछ ।

११८. उत्पादनशील र खासगरी कृषि, उर्जा, पर्यटन, घरेलु तथा साना उद्योगतर्फ पर्याप्त लगानी सुनिश्चित गर्न हाल तोकिएका उत्पादनशील क्षेत्रमा कायम Industry Average को १० प्रतिशत भन्दा कम वा बढी लगानी गर्ने बैंक तथा वित्तीय संस्थाहरूले तीन वर्षभित्र औसत कर्जा लगानी Industry Average को २० प्रतिशत पुर्‍याउनु पर्ने व्यवस्थालाई सम्वन्धित बैंक तथा वित्तीय संस्थाले पेश गरेको कार्ययोजना बमोजिमको कार्यान्वयनलाई प्रभावकारी रूपमा अनुगमन गरिनेछ ।

११९. पूँजी बजारको दिगो विकास गरी साधन परिचालनमा टेवा पुर्‍याउन यस सम्बन्धी कार्य गर्ने संस्थाका साथै कारोवारको लागि यथेष्ट विविधीकृत उपकरणहरूको

आवश्यकता रहने तथ्यलाई दृष्टिगत गरी नेपाल धितोपत्र बोर्डसँग आवश्यक समन्वयमार्फत म्यूचुअल फण्ड कारोवार गर्न वाणिज्य बैंकहरूलाई प्रोत्साहन गरिनेछ ।

१२०. चल तथा अमूर्त सम्पत्ति उपरको दायित्व परिपालन गर्ने/गराउने व्यवस्थाका लागि सुरक्षित कारोवार ऐन, २०६३ जारी भइसकेको र सो ऐनको भावना एवम् मर्मलाई मूर्तरूप दिन सुरक्षित कारोबार दर्ता कार्यालय सम्बन्धी स्थायी व्यवस्था गर्नु आवश्यक भएको सन्दर्भमा त्यस्तो छुट्टै कार्यालयको स्थापना गर्न नेपाल सरकारलाई आवश्यक सहयोग पुऱ्याइनेछ ।

१२१. आधुनिक केन्द्रीय बैंकको अवधारणा अनुरुप मुद्रा व्यवस्थापन विभागलाई पनि आधुनिकीकरण गर्दै लग्नको लागि साविकमा गर्दै आएको नोटमा प्वाल पारी जलाएर नष्ट गर्ने कार्यलाई क्रमशः हटाउँदै लगी नोट नष्ट गर्ने कार्यलाई वातावरण मैत्री बनाउन Currency Verification and Processing System (CVPS) तथा Shredding and Briquetting System (SBS) लागू गर्ने कार्यलाई अघि बढाइनेछ ।

१२२. झुत्रो नोट चलनचल्तीबाट हटाई सफा नोट चलनचल्तीमा ल्याउने नीतिलाई निरन्तरता दिइनेछ । साथै मुलुकभर नेपाली मुद्राको आपूर्ति व्यवस्थालाई सहज र सरल तुल्याउन तोडा चलान कार्यलाई सशक्त बनाई नोटकोष कारोवार प्रक्रियालाई आधुनिकीकरण गर्दै लगिनेछ । नोटकोष सुविधालाई विस्तार गर्दै लगिनेछ ।

१२३. नेपाल राष्ट्र बैंकले आफ्नो र वाणिज्य बैंकहरूको मात्र वासलात समावेश गरी मौद्रिक सर्वेक्षण तयार गर्दै आइरहेकोमा सो सर्वेक्षणको दायरामा विकास बैंक तथा वित्त कम्पनीहरूसमेतको वासलात समावेश गरी विस्तृत मौद्रिक सर्वेक्षण तयार गर्न थालेको छ । उक्त विस्तृत मौद्रिक सर्वेक्षणलाई आर्थिक वर्ष २०६८/६९ भित्र सार्वजनिक जानकारीको लागि नियमित रूपमा प्रकाशनमा ल्याइने छ । यस्तो मौद्रिक सर्वेक्षणबाट मौद्रिक तथा वित्तीय स्थितिको यथार्थ विवरण प्राप्त भई मौद्रिक नीतिको कार्यान्वयनमा प्रभावकारिता बढ्नुको साथै वित्तीय अनुगमनमा पनि सहयोग पुग्ने विश्वास गरिएको छ ।

१२४. बैंक तथा वित्तीय संस्थाहरूबाट वित्तीय तथ्याङ्क संकलन, प्रशोधन तथा प्रतिवेदन तयारी सम्बन्धी कार्यलाई छिटोछरितो र भरपर्दो बनाउन नयाँ Software खरिद/विकास गरी Online प्रणाली मार्फत एकीकृत रूपमा वित्तीय तथ्याङ्क संकलन गर्ने कार्यको थालनी गरिनेछ । यस कार्यबाट बैंक तथा वित्तीय संस्थाहरूको तथ्याङ्क सम्प्रेषणमा सहजता आउनुको साथै सर्वसाधारण तथा सम्बन्धित पक्षहरूलाई समयमा नै वित्तीय तथ्याङ्क उपलब्ध गराउन समेत सहज हुनेछ ।

**विदेशी विनिमय व्यवस्थापन**

१२५. मुलुकले प्राथमिकता प्रदान गरेको जलविद्युत लगायतका पूर्वाधार क्षेत्रको विकासको लागि विदेशबाट ऋण लिने क्रम बढ्दै गएको तर, मुलुकका बैंक तथा वित्तीय संस्थामा रहेको विदेशी मुद्राको उपयोग क्षेत्र सीमित रहेको कारणले लगानी हुन नसकी विदेशस्थित विभिन्न उपकरणमा न्यून व्याजदरमा लगानी भइरहेको र विदेशी ऋणको व्याजको लागि समेत ठूलो धनराशी विदेशी मुद्रामा भुक्तानी गर्नु परेको हालको अवस्थालाई ध्यानमा राख्दै बैंक तथा वित्तीय संस्थाहरूले जलविद्युतसँग

सम्बन्धित परियोजनामा विदेशी मुद्रामा कर्जा उपलब्ध गराउन र यस बैंकबाट स्वीकृति प्राप्त गरी विदेशी मुद्रामा जारी भएका विभिन्न उपकरणहरूमा समेत लगानी गर्न सक्ने व्यवस्था गरिनेछ ।

१२६. भारत बाहेक अन्य मुलुकहरूको भ्रमणमा जाने नेपाली नागरिकले राहदानी बापत एक पटकमा अधिकतम अमेरिकी डलर २,००० सम्म र एक आर्थिक वर्षमा अधिकतम अमेरिकी डलर ४,००० सम्मको सटही सुविधा पाउने विद्यमान सीमालाई वृद्धि गरी क्रमशः अमेरिकी डलर २,५०० र ५,००० पुऱ्याइएको छ । यस सम्बन्धी अन्य आवश्यक व्यवस्थाहरू यथावत कायम गरिएको छ ।

१२७. परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट आयात गर्न सकिने वस्तुहरूको सूचीमा औचित्यताका आधारमा थप वस्तुहरू समावेश गर्दै लगिनेछ ।

१२८. गैर-आवासीय नेपालीलाई परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न सक्ने व्यवस्था मिलाइनेछ ।

१२९. विदेशी मुद्रामा खाता खोल्न ग्राह्य व्यक्ति तथा संघ-संस्थाले सो खाता खोल्ने र संचालन गर्ने सम्बन्धमा विद्यमान नीति/परिपत्रमा खाताको प्रकार, खर्च गर्न सक्ने क्षेत्र र सीमा रकम, जम्मा गर्दा अपनाउनु पर्ने विधि लगायतका विषयहरूमा सम-सामयिक परिमार्जन गरिनेछ ।

१३०. बैंक तथा वित्तीय संस्थाको लागि NOSTRO खाता खोल्न यस बैंकबाट स्वीकृति प्रदान गर्ने गरिएको तर व्यक्ति, संघ-संस्था, कम्पनी आदिको हकमा हाल यस्तो व्यवस्था नभएकोमा नेपाली नागरिकहरू पनि व्यवशाय, रोजगारी लगायतका विभिन्न प्रयोजनको लागि लामो अवधि विदेशमा बस्ने, निर्यातकर्ताहरूले विदेशमा शाखा/सम्पर्क कार्यालय प्रदर्शन कक्ष खोल्ने, विभिन्न मुलुकमा हुने प्रदर्शनी तथा सभामा भाग लिने क्रम बढ्दै गई विदेशमा खाता खोल्नु पर्ने आवश्यकता पर्न जाने देखिएकोले व्यक्ति, संघ-संस्था आदिले विदेशमा खाता खोल्ने र संचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गरिनेछ ।

१३१. वाणिज्य बैंकले निर्यातकर्ताको लागि जारी गर्ने अग्रिम भुक्तानी प्रमाणपत्रको म्याद ६/६ महिना गरी तीन वर्षसम्म नवीकरण गर्न सक्ने व्यवस्थाबाट व्यवसायिक झन्झट उत्पन्न भएकाले यस्तो प्रमाणपत्र सुरूमा १ वर्षको लागि जारी गर्ने र जतिसुकै अवधिको भए पनि सम्बन्धित बैंक/वित्तीय संस्थाबाटै नवीकरण हुने व्यवस्था गरिनेछ ।

१३२. युसेन्स प्रतीतपत्र (Usance Letter of Credit) जति अवधिको लागि पनि जारी गर्न सकिने विद्यमान व्यवस्थाको कारणबाट व्यापारिक प्रयोजनको लागि जारी हुने प्रतीतपत्रको माध्यमबाट समेत विदेशबाट अप्रत्यक्ष रूपमा ऋण लिने प्रवृत्ति बढेको देखिएकोले सो लगायत प्रतीतपत्र कारोवार सम्बन्धी व्यवस्थामा समसामयिक परिमार्जन गरिनेछ ।

१३३. नेपालीहरू विदेश जाने क्रम बढ्दै गएको, विदेशस्थित नेपालीहरूले आफन्त साथीभाई मार्फत् विदेशी मुद्रा नगदै आफ्नो परिवार, आफन्त, साथीभाई आदिलाई पठाउने गरेको र पर्यटकलाई सेवा दिन विभिन्न स्थानमा कार्य गर्ने कामदार/सहयोगीहरूलाई पर्यटकबाट टिप्स प्राप्त हुने गरेकोले यसरी प्राप्त भएको

नगद विदेशी मुद्रा सटही गर्ने सुविधा दिन नेपाली नागरिकले आफ्नो परिचय-पत्र सहित विदेशी मुद्रा प्राप्त भएको कारण र स्रोत उल्लेख गरी सटही गर्न ल्याएमा एकपटकमा अमेरिकी डलर १,०००।- वा सो बराबरसम्म हुने अन्य परिवर्त्य विदेशी मुद्रा यस बैंकबाट इजाजत प्राप्त निकायले सटही गरिदिन सक्ने व्यवस्था गरिनेछ ।

१३४. नेपाल र भुटानबीच हुने व्यापारिक कारोवार साधारणतः भारतीय रूपैयाँमा फर्छ्यौट हुने गरेको तर व्यक्तिगत भ्रमण लगायतका कार्डबाट हुने कारोवारहरू भने अमेरिकी डलरमा सटही सुविधा प्राप्त गरी हुने गरेको परिप्रेक्ष्यमा अन्तर्राष्ट्रिय कार्ड कम्पनीहरू भिसा तथा मास्टर कार्डले समेत नेपाल, भारत र भुटानबीच हुने कार्ड कारोवारको हिसाव-मिलान भारतीय रूपैयाँमा गर्ने व्यवस्था गरिसकेकोले नेपाल-भुटानबीच हुने कार्ड कारोवारको हिसाव-मिलान भारतीय रूपैयाँमा समेत गर्न सकिने व्यवस्था गरिनेछ ।

## अन्त्यमा

१३५. गत दुई वर्षदेखिको शोधनान्तर घाटा, उच्च मूल्य वृद्धि, बैंकिङ्ग क्षेत्रमा देखापरेको तरलता अभाव तथा उच्च कर्जा-निक्षेप अनुपात, घर-जग्गा व्यवसाय तथा शेयर बजारमा आएको शिथिलता, केही वित्तीय संस्थाबाट भएको अधिक कर्जा लगानीबाट उत्पन्न तरलताको समस्या र ठूलो संख्यामा सर्वसाधारणले औपचारिक वित्तीय सेवाबाट अझै विमुख रहनु परेको पृष्ठभूमिमा कार्यान्वयनमा ल्याइने यो मौद्रिक नीतिले उपरोक्त चुनौतीहरू समाधान गर्नेतर्फ योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । रोजगारी केन्द्रित उच्च आर्थिक वृद्धिदर बिना दिगो गरिवी निवारण सम्भव नहुने भएकोले यसका लागि अनुकूल वातावरण सृजना गर्नमा पनि प्रस्तुत मौद्रिक नीतिको जोड रहेको छ ।

१३६. प्रस्तुत मौद्रिक नीतिको कार्यान्वयनबाट मुलुकको भुक्तानी असन्तुलन तथा मुद्रास्फीतिदरमा सुधार आउने, वित्तीय स्थायित्व हासिल हुने, सर्वसाधारणमा बैंकिङ्ग पहुँच अभिवृद्धि हुने र लक्षित आर्थिक वृद्धिदर हासिल गर्नमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

१३७. यो मौद्रिक नीतिको तर्जुमामा सहयोग पुऱ्याउने नेपाल सरकारका विभिन्न निकाय, वित्तीय संस्थाहरू, विभिन्न व्यवसायिक संघ-संस्थाहरू, विद्वत् वर्ग, दातृ निकाय लगायत सबैलाई नेपाल राष्ट्र बैंक धन्यवाद दिन चाहन्छ । यसमा समावेश भएका नीतिगत व्यवस्था तथा कार्यक्रमहरूको कार्यान्वयनमा यहाँहरू सबैको सदाझै सहयोग मिल्ने विश्वास बैंकले लिएको छ ।

## अनुसूची १
## आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीतिको लक्ष्य तथा प्रगति विवरण

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| १ | ६८ | कम्तीमा छ महिनाको आयात धान्न सक्नेगरी विदेशी विनिमय सञ्चिति कायम राख्न रू. ९ अर्बको हाराहारीमा शोधनान्तर बचत कायम गर्ने । | चालू खाता घाटामा सुधार आएको र पछिल्ला महिनाहरूमा सहायता रकमको निकासा बढेर शोधनान्तर स्थितिमा क्रमशः सुधार हुँदै गएकोले आर्थिक वर्षको अन्त्यसम्ममा रू. १ अर्बको हाराहारीमा शोधनान्तर बचतमा रहेको अनुमान रहेको तथा ७ महिना भन्दा बढी अवधिको आयात धान्न सक्ने विदेशी मुद्राको संचिति रहेको । |
| २ | ७० | वार्षिक औसत मुद्रास्फीतिदर ७ प्रतिशतमा कायम राख्ने । | मौद्रिक तरलताको विस्तार न्यून कायम गर्न सकिएको, तर खाद्यान्न समूहको मूल्य वृद्धिदर उच्च नै रहेको तथा ईन्धनको मूल्यमा वृद्धि भएको कारण वार्षिक औसत मुद्रास्फीतिदर ९.६ प्रतिशत रहने संशोधित अनुमान रहेको । |
| ३ | ७१ | ५.५ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न सहजता प्रदान गर्न आवश्यक पर्ने कर्जा र मौद्रिक तरलताको व्यवस्थापन गर्ने । | सरकारी बजेट बचतमा रहेको कारण मौद्रिक तरलतामा चाप परेको भएतापनि यसलाई क्रमशः सहजीकरण गर्दै आवश्यक तरलता व्यवस्थापन गरिएको । |
| ४ | ७२ | मौद्रिक नीतिको अन्तरिम लक्ष्यको रुपमा लिइएको विस्तृत मुद्रा प्रदायको वृद्धिदर १५ प्रतिशत रहने । | खुद वैदेशिक सम्पत्ती घटेको र आन्तरिक कर्जा विस्तार पनि न्यून रहेको कारण मुद्रा प्रदाय ८.१ प्रतिशतले बढ्ने संशोधित अनुमान रहेको । |
| ५ | ७३ | कुल आन्तरिक कर्जा १५ प्रतिशतले र वाणिज्य बैंकहरुबाट निजी क्षेत्रमा प्रवाह हुने कर्जा १५.५ प्रतिशतले बढ्ने । | कुल आन्तरिक कर्जा ११.४ प्रतिशतले र निजी क्षेत्रमा प्रवाह हुने कर्जा १३.१ प्रतिशतले बढ्ने संशोधित अनुमान रहेको । |
| ६ | ७४ | वाणिज्य बैंकहरूको निक्षेप परिचालनको वृद्धिदर १५ प्रतिशत रहने । | निक्षेप परिचालन ७.८ प्रतिशतले बढ्ने संशोधित अनुमान रहेको । |

## अनुसूची २
## आर्थिक वर्ष २०६७/६८ को वित्तीय क्षेत्र तथा विदेशी विनिमय सम्बन्धी नीति तथा कार्यक्रमहरूको प्रगति विवरण

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| १ | ७५ | खुला बजार कारोबारलाई मौद्रिक नीति सञ्चालनको प्रमुख उपकरणको रुपमा लिई तरलता व्यवस्थापन गर्ने । | रिपो तथा रिभर्स रिपोको नियमित संचालनद्वारा तरलता व्यवस्थापन गर्ने गरिएको । |
| २ | ७७ | अनिवार्य नगद अनुपात बाहेकको अधिक तरलतालाई मौद्रिक नीतिको संचालन लक्ष्यको रूपमा लिइने व्यवस्थालाई यथावत् कायम राखिने । वाणिज्य बैंकहरूबाट निक्षेप, कर्जा तथा नगद मौज्दात सम्बन्धी विवरण दैनिक रुपमा संकलन गरी तरलता स्थितिको अनुगमन गर्ने व्यवस्थालाई समेत निरन्तरता दिइने । | अधिक तरलतालाई मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रुपमा लिने व्यवस्थालाई निरन्तरता दिई खुला बजार कारोवार सञ्चालन गरिएको । सोही बमोजिम दैनिक तरलता अनुगमन गर्ने कार्यलाई समेत निरन्तरता दिइएको । |
| ३ | ७८ | बैंक दरलाई ६.५ प्रतिशतबाट बढाएर ७ प्रतिशत कायम राख्ने । | मिति २०६७/०४/२५ मा परिपत्र जारी गरी कार्यान्वयनमा ल्याइएको । |
| ४ | ७९ | वैधानिक तरलता अनुपात सम्बन्धी व्यवस्थालाई पुनरावलोकन गरी वाणिज्य बैंकको हकमा १५ प्रतिशत, विकास बैंकको हकमा ११ प्रतिशत, वित्त कम्पनीको हकमा १० प्रतिशत, चल्ती खाता खोल्न स्वीकृति नलिएका वित्त कम्पनीको हकमा ६ प्रतिशत र सर्वसाधारणबाट समेत निक्षेप परिचालन शुरु गरिसकेका "घ" वर्गका वित्तीय संस्थाहरूको हकमा ४ प्रतिशत कायम गर्नुपर्ने । साथै, सर्वसाधारणबाट निक्षेप परिचालन गर्ने "घ" वर्गका वित्तीय संस्थाहरूले पनि २ प्रतिशत अनिवार्य नगद अनुपात कायम गर्नुपर्ने । | मिति २०६७/०४/२५ मा परिपत्र जारी गरिएको र सोही अनुसार अनुगमन भइरहेको । |
| ५ | ८० | स्थायी तरलता सुविधाको व्याजदर पछिल्लो ९१-दिने ट्रेजरी विलको भारित औसत व्याजदर वा प्रचलित बैंकदर जुन अधिकतम छ त्यसैमा ३ प्रतिशत पेनाल दर जोडी कायम गर्ने । | मिति २०६७/०४/२५ मा परिपत्र जारी गरी कार्यान्वयनमा ल्याईएको । |
| ६ | ८१ | वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूलाई ७.५ प्रतिशत व्याजदरमा उपलब्ध गराउँदै आएको पुनरकर्जा सुविधालाई प्रचलित बैंक दर (७ प्रतिशत) मै उपलब्ध गराउने व्यवस्था गरी सम्बन्धित ऋणीलाई यस्तो पुनरकर्जामा १० प्रतिशत भन्दा बढी व्याजदर तोक्न नपाउने व्यवस्था मिलाइने । | मिति २०६७/०४/२५ मा परिपत्र जारी गरी कार्यान्वयनमा ल्याईएको यस व्यवस्था अर्न्तगत २०६८ असार २० सम्ममा रू. ५ अर्व ३८ करोड पुनरकर्जा उपलव्ध गराइएको । |
| ७ | ८२ | उत्पादनशील र खासगरी कृषि, उर्जा, पर्यटन, घरेलु तथा साना उद्योगतर्फ पर्याप्त लगानी सुनिश्चित गर्न सम्बन्धित बैंकहरूलाई ३-वर्षभित्र ती क्षेत्रहरूमा औसत कर्जा प्रवाह दोब्बर गर्ने कार्ययोजना तयार गरी पेश गर्न लगाई सोही आधारमा अनुगमन र आवश्यक निर्देशन जारी गरिने । | मिति २०६७/०६/२० मा परिपत्र जारी गरी सो बमोजिमको कार्ययोजना पेश गर्न निर्देशन दिइएकोमा सबैजसो वाणिज्य बैंकहरूबाट कार्ययोजना पेश हुन आएको । |
| ८ | ८४ | निर्यात उद्योग, रूग्ण उद्योग, साना तथा घरेलु उद्योग र वैदेशिक रोजगारीको लागि तोकिएका वर्गका मानिसहरूलाई प्रवाह हुने कर्जाको विशेष पुनरकर्जादर १.५ प्रतिशत कायम गर्न र सम्बन्धित ग्राहकबाट ४.५ प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने व्यवस्था गर्ने । | मिति २०६७/०४/२५ मा परिपत्र जारी गरी कार्यान्वयनमा ल्याईएको । |
| ९ | ८५ | रूग्ण उद्योग पुनर्कर्जा सुविधा साविकको शर्त अनुसार नै उपलव्ध गराउने । | साविकको व्यवस्था र शर्त अनुसार नै उपलव्ध गराइने गरेको । |
| १० | ८६ | पुष्प तथा पुष्पजन्य वस्तुको निकासीलाई प्रोत्साहित गर्न यस्ता वस्तु उत्पादन गर्ने र निर्यातयोग्य वस्तु उत्पादन गर्ने घरेलु तथा साना उद्योगलाई निर्यात पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था गरिने । | मिति २०६७/०४/२५ मा परिपत्र जारी गरी कार्यान्वयनमा ल्याईएको । |

| क.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| ११ | ८७ | वित्तीय क्षेत्र सुधार कार्यक्रमलाई निरन्तरता दिइ नेपाल बैंक लि. र राष्ट्रिय वाणिज्य बैंक लि. को पुनरसंरचना, नेपाल राष्ट्र बैंकको रि-ईञ्जिनियरिङ्ग र वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि कार्यक्रमहरू कार्यान्वयन गर्दै लगिने । | सुधारको कार्यक्रमलाई निरन्तरता दिइएको । |
| १२ | ८८ | वाणिज्य बैंकहरूको हकमा BASEL II अनुसारको पूँजीकोष मापदण्ड लागू भइसकेकोमा राष्ट्रिय स्तरका विकास बैंकहरूको हकमा पनि समानान्तर रुपमा पूँजीकोष सम्बन्धी नयाँ मापदण्डले निर्दिष्ट गरे बमोजिम पूँजीकोष पर्याप्तता मापन गर्ने पद्धति अवलम्बन गर्नुपर्ने व्यवस्था गरिने । | मिति २०६७/०४/२५ मा परिपत्र जारी गरी कार्यान्वयनमा ल्याइनुका साथै विकास बैंकका कर्मचारीहरूलाई पुँजीकोष सम्बन्धी नयां मापदण्डका बारेमा तालिम प्रदान गरिएको र सोको अनुगमनको लागि वित्तीय संस्था सुपरिवेक्षण विभागमा छुट्टै डेस्क खडा गरिएको । |
| १३ | ८९ | जोखिमका आधारमा निरीक्षण गर्ने विधि योजनावद्ध रुपमा क्रमशः लागू गरिने ।<br>बैंकिङ्ग क्षेत्रमा विद्यमान विभिन्न जोखिमहरूको पहिचान, मापन र व्यवस्थापन गर्न जोखिम व्यवस्थापन निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याइने । | जोखिम व्यवस्थापन निर्देशिका लागु गरीसकिएको र जोखिमका आधारमा निरीक्षण गर्ने विधि तयार गरी विभागीयस्तरमा छलफल भई यसलाई अन्तिम रुप दिने कार्य भइरहेको । |
| १४ | ९० | पूर्व सचेतता प्रणाली (Early Warning System) लाई अझै बढी प्रभावकारी बनाउँदै लगिनुका साथै बैंकका ठूला शाखाहरूको सुपरिवेक्षण कार्यलाई सघाउ पुऱ्याउन तयार गरिसकिएको शाखा लेखापरीक्षण सम्बन्धी अवधारणापत्र कार्यान्वयनमा ल्याई सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी बनाउन वाह्य क्षेत्रका विषेशज्ञहरूको सेवा समेत लिइने । | EWS लाई प्रभावकारी बनाउँदै लगिनुका साथै जोखिममा आधारित सुपरिवेक्षणलाई प्रभावकारी बनाउने सम्बन्धमा र शाखा लेखा परीक्षण सम्वन्धमा आवश्यक तयारी कार्य हुँदै गरेको । |
| १५ | ९१ | बैंकहरू स्वयंले आफ्नो दवाव परीक्षण गर्न सक्ने गरी आवश्यक व्यवस्था मिलाइने । बैंकहरूको सम्भावित जोखिम पहिचान तथा व्यवस्थापन प्रणाली विकास गरी वित्तीय प्रणालीमा अपर्झट आउन सक्ने संकटलाई समयमै सम्वोधन गर्न आकस्मिक योजना (Contingency Plan) तयार गर्ने कार्य सम्पन्न गरिने । | नमूना परीक्षण कार्य सम्पन्न भइसकेको र सो सम्वन्धी निर्देशिका तयार गर्ने कार्य अन्तिम चरणमा रहेको । तरलता अनुगमन संरचना लागु गरिनुका साथै विश्व बैंकको प्राविधिक सहयोगमा समस्याग्रस्त बैंकको रिजोलुसन संरचना तयार गर्ने कार्य भइरहकेको । साथै, आकस्मिक योजना तयार गर्ने कार्य पनि भइरहेको । |
| १६ | ९२ | वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता निरन्तर कायम राख्न शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को कार्यान्वयन एवं अनुगमनको प्रक्रियालाई थप प्रभावकारी बनाउँदै लगिने । साथै, नेपाल राष्ट्र बैंकको सुपरिवेक्षकीय दक्षता र क्षमता अभिवृद्धिका लागि सुपरिवेक्षण विभागहरूको संरचना, अख्तियार प्रत्यायोजन तथा उत्तरदायित्व बहन सम्बन्धी विद्यमान व्यवस्थालाई पुनरावलोकन गरी अझ स्पष्ट र मापनयोग्य बनाइने । | Forward Looking Analysis र Bank Resolution एकाई गठन गरी शीघ्र सुधारात्मक कारवाहीलाई प्रभावकारी बनाउदै लगिएको तथा सुपरिवेक्षकीय क्षमता अभिवृद्धिका लागि विभागको संरचना, अख्तियार प्रत्यायोजन तथा उत्तरदायित्व बहन सम्बन्धी विद्यमान व्यवस्थालाई परिमार्जन गरी उत्तरदायित्व/ जवाफदेहिता सम्बन्धी तालिका बनाई लागू गरिसकिएको । |
| १७ | ९३ | बैंक तथा वित्तीय संस्थाहरूले गर्ने पूँजीगत खर्च र अन्य मसलन्द खर्चमा पारदर्शिता, मितव्ययिता अपनाइएको छ/छैन भनी लङ्ग फर्म अडिट प्रतिवेदनमा उल्लेख गरी वाह्य लेखापरीक्षकबाट तयार गरिने प्रतिवेदनमा समेत उल्लेख गर्ने व्यवस्था मिलाइने । बैंक तथा वित्तीय संस्थाका संचालक, प्रमुख कार्यकारी अधिकृत तथा उच्च पदस्थ कर्मचारीको सेवा-सुविधालाई मुलुकको वित्तीय प्रणालीले धान्ने र ग्राह्य हुने गरी व्यवस्थित गर्न तथा त्यस्तो सुविधालाई पूर्ण पारदर्शी तुल्याउन आवश्यक व्यवस्था गरिने । | मिति २०६७/०८/१० मा मार्गदर्शन जारी गरी सो निर्देशनको आधारमा अनुगमन भइरहेको । साथै लङ्ग फर्म अडिट प्रतिवेदन परिमार्जन गरिएको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| १८ | ९४ | ग्राहक पहिचान व्यवस्था (KYC) अन्तर्गत बहु-बैंकिङ्ग घोषणा गराउनु पर्ने व्यवस्थाको अनुगमनलाई थप प्रभावकारी बनाउँदै बहु-बैंकिङ्गलाई निरुत्साहित गरिने । | हाल ग्राहक पहिचान सम्बन्धी निर्देशनमा भएको व्यवस्था अनुसार कार्य भइरहेको । |
| १९ | ९५ | निक्षेपमा दिइने व्याज, ऋणीबाट असुल गर्ने व्याज, हर्जना व्याज, व्यवस्थापन शुल्क, सेवा शुल्क लगायतका शुल्कका बारेमा स्पष्ट, सरल र बुझ्न सकिने गरी सूचना तथा जानकारी प्रदान गर्नुपर्ने व्यवस्थालाई थप प्रभावकारी बनाउने । साथै, सम्बन्धित ऋणी तथा धितो/जमानत दिने पक्षले पालना गर्नुपर्ने गरी बैंक तथा वित्तीय संस्थाबाट निर्दिष्ट गरिने विभिन्न शर्त, बन्देज र अवस्थाहरू सम्बन्धित पक्षले स्पष्ट र सरल रुपमा बुझ्न सक्ने गरी पारदर्शी रुपमा प्रस्तुत गर्नुपर्ने व्यवस्था गर्ने । | मिति २०६७/०९/०९ मा मार्गदर्शन जारी गरी सो अनुसार अनुगमन भइरहेको । |
| २० | ९६ | “क” वर्गका बैंकहरूले स्वदेशमा व्याज प्राप्त हुने कुनै पनि प्रकारका निक्षेप खाता खोल्न नपाउने । | मिति २०६७/०४/२५ मा परिपत्र जारी गरिएको र अनुगमन भइरहेको । |
| २१ | ९७ | कुनै एक व्यवसायिक क्षेत्रमा (कुनै एक आर्थिक क्षेत्रमा मात्र कर्जा प्रवाह गर्न स्वीकृति पाएका वित्तीय संस्था बाहेक) कुल बाँकी कर्जासापटको ४० प्रतिशतभन्दा बढी कर्जा प्रवाह गर्न नपाउने थप व्यवस्था गरी कार्यान्वयनमा ल्याइने । तर, ४० प्रतिशतभन्दा कम सीमा तोकिएका क्षेत्रहरूमा भने सोही बमोजिम हुने । | मिति २०६७/०६/०५ मा परिपत्र जारी गरी कार्यान्वयनमा ल्याइएको । |
| २२ | ९८ | आर्थिक वर्ष २०६७/६८ मा कुल कर्जाको १० प्रतिशतभन्दा बढी लगानी जग्गा खरिद बिक्रीमा गर्न नपाउने व्यवस्था गर्ने र बढी लगानी गर्ने संस्थाहरूले यस्तो कर्जा २ वर्षभित्रमा १० प्रतिशतमा झारी सक्नु पर्ने । | मिति २०६७/०६/०५ मा परिपत्र जारी गरिएको र अनुगमन भइरहेको । |
| २३ | ९९ | बैंक तथा वित्तीय संस्थाको १ प्रतिशत भन्दा बढी संस्थापक शेयर धारण गरेका संस्थापक/संस्थापक समूहका शेयरधनीहरूले आफूले धारण गरेको संस्थापक शेयरमध्ये ५० प्रतिशतभन्दा बढी धितो राखी कर्जा लिन नपाइने व्यवस्था गरिने । | मिति २०६७/०४/२५ मा परिपत्र जारी गरिएको र अनुगमन भइरहेको । |
| २४ | १०० | मार्जिन प्रकृतिको कर्जाको विद्यमान ५० प्रतिशतको सीमामा वृद्धि गरी ६० प्रतिशतसम्म कर्जा प्रदान गर्न सक्ने व्यवस्था गरिने । | मिति २०६७/०४/२५ मा परिपत्र जारी गरिएको । |
| २५ | १०१ | Trust Receipt कर्जाको विद्यमान ९० दिनको अवधिलाई बढाई १२० दिन कायम गरिने । | मिति २०६७/०४/२५ मा परिपत्र जारी गरिएको । |
| २६ | १०२ | ऋण असुली न्यायाधिकरण तथा कर्जा सूचना केन्द्रको सुदृढीकरण गर्ने । कर्जा सूचना केन्द्र लिमिटेडमा डेभलपमेण्ट बैंकर्स एशोसिएसनलाई सहभागी गराउन आवश्यक व्यवस्था गरिने । निजी क्षेत्रको सहभागितामा सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्न प्रोत्साहन गर्ने नीति लिइने । | Automation को लागि कम्प्युटर खरिद गरी उपलब्ध गराइएको, क्षमता अभिवृद्धिका लागि तालिम दिइएको । कर्जा सूचना केन्द्र लि.को सुदृढीकरणको लागि कम्प्युटर सफ्टवयेर खरिद हुने क्रममा रहेको । |
| २७ | १०३ | सुरक्षित कारोबार दर्ता कार्यालय स्थापना गर्न नेपाल सरकारलाई आवश्यक सहयोग पुऱ्याइने । | हाल कर्जा सूचना केन्द्र लि. मार्फत कार्य प्रक्रिया अगाडि बढ्दै गरेको । |
| २८ | १०४ | नियतवश ऋण नतिर्ने ऋणीहरूलाई गरिने कारवाही सम्बन्धमा आवश्यक कार्यविधि बनाई लागू गरिने । रू. १ करोड वा सो भन्दा बढी कर्जा लिई नियतवश ऋण नतिर्ने ऋणीहरूको राहदानी जफत गर्ने लगायतका कारवाहीलाई थप प्रभावकारी बनाइने । | कार्यविधिको मस्यौदा तय भएको र नियतवश ऋण नतिर्ने ऋणीहरू माथि कारवाही प्रक्रिया निरन्तर भइरहेको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| २९ | १०५ | "क" वर्गका वाणिज्य बैंकहरूको स्थापनाको लागि निवेदन लिने कार्य स्थगित गरिने । साथै, बैंक तथा वित्तीय संस्था स्थापना सम्बन्धी विद्यमान नीतिगत तथा प्रकृयागत व्यवस्थालाई परिमार्जन गरिने । | निवेदन लिने कार्य स्थगित गरिनुका साथै बैंक तथा वित्तीय संस्था स्थापना सम्वन्धी नीतिगत तथा प्रकृयागत व्यवस्था परिमार्जन गर्ने क्रममा रहेको । |
| ३० | १०६ | वित्तीय संस्थाको स्तरोन्नति गर्ने कार्य पूँजीको पर्याप्तताका अतिरिक्त व्यावसायिक सम्भाव्यता, संस्थागत क्षमता, प्रतिस्पर्धा र बजारको अवस्था आदिका आधारमा मात्र गर्ने नीतिगत व्यवस्था गरिने । साथै, भौगोलिक क्षेत्र विस्तार र क्षेत्रीय बैंकबाट राष्ट्रिय बैंकमा परिवर्तन गर्ने कार्य समेत निश्चित मापदण्डका आधारमा गरिने । | नीतिगत व्यवस्था र मापदण्ड तर्जुमा गर्ने क्रममा रहेको । भौगोलिक कार्यक्षेत्र विस्तार सम्बन्धी नीतिगत व्यवस्था गरिसकिएको । |
| ३१ | १०७ | शाखा विस्तारका लागि बैंक तथा वित्तीय संस्थाले यस बैंकको स्वीकृति लिनु पर्ने व्यवस्था गरिने । | मिति २०६७/०४/२५ मा परिपत्र जारी गरी स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको । |
| ३२ | १०८ | पूर्वाधार विकासको लागि दीर्घकालीन लगानी गर्ने उद्देश्यले स्थापना हुने वित्तीय संस्थाहरूको पूँजी, लगानी, खराब कर्जा नोक्सानी व्यवस्था तथा अन्य नियमन व्यवस्थाहरूका सम्बन्धमा छुट्टै वित्तीय मापदण्डहरूको व्यवस्था गरी यस किसिमको संस्थाको स्थापना र संचालन गर्न प्रोत्साहित गरिने । | छुट्टै वित्तीय मापदण्डहरू तयार गर्ने क्रममा रहेको । |
| ३३ | १०९ | गाभ्ने वा गाभिने सम्बन्धी कार्यलाई प्रोत्साहित गर्न छुट तथा सुहलियत (एकल ग्राहक कर्जा सीमा, विपन्न वर्गमा प्रवाह गर्नु पर्ने कर्जा, खराव ऋणको लागि व्यवस्था, न्यूनतम पूँजी कोषको स्तर आदिमा) दिने व्यवस्था गरिने । | गाभ्ने वा गभिने सम्बन्धी विनियमावली मिति २०६८/०१/०९ मा जारी गरिएको । |
| ३४ | ११० | नेपाल धितोपत्र बोर्डसँग आवश्यक समन्वयमार्फत म्यूचुअल फण्ड कारोवार गर्न निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरूलाई प्रोत्साहन गरिने । | वाणिज्य बैंकले समूहिक लगानीकोष संचालन गर्न सक्ने गरी मिति २०६७/१२/०९ मा परिपत्र जारी गरिएको । |
| ३५ | १११ | तीन वर्षको नोटको मागलाई धान्ने गरी नोट छपाई गर्ने । सफा नोट नीति बारे सर्वसाधारणलाई जागरुक गराउन विभिन्न उपायहरू अवलम्बन गरिने । | नयाँ मोडालिटीको आधारमा विभिन्न दरका नोटको आवश्यकता एकिन गरी छपाई गरिएको । सफा नोट नीति बारे सर्वसाधारणलाई जागरुक गराउन वृत्तचित्र तयार गरिनुका साथै रेडियो, टेलिभिजन तथा पत्रपत्रिका मार्फत सन्देश प्रसारण गरिएको । साथै, भैरहवा, विराटनगर, वीरगञ्ज र पोखरामा सचेतता गोष्ठी सम्पन्न गरिएको । |
| ३६ | ११२ | सूचना प्रविधिमा आधारित वित्तीय कारोवारहरूको सुपरिवेक्षण कार्यलाई सहज बनाउने उद्देश्यले सूचना प्रविधि प्रयोग सम्बन्धी निर्देशिका तयार गरी बैंक तथा वित्तीय संस्थाहरूको नियमन गर्ने व्यवस्था गरिने ।<br>नेपाल राष्ट्र बैंकमा सूचना संकलन, मौद्रिक तथ्याङ्क प्रशोधन र सम्प्रेषणमा हुने ढिलाई कम गर्न सूचना प्रविधि नीति तर्जुमा गरी लागू गरिने । | सूचना प्रविधि प्रयोग सम्बन्धी निर्देशिका र सूचना प्रविधि नीति कार्यदल गठन भई आवश्यक अध्ययन तथा छलफल गरी कामकारवाही अगाडि बढिरहेको ।<br>सूचना प्रविधि नीति तर्जुमा गरी लागू गर्न सूचना प्रविधि नीतिको प्रारम्भिक मस्यौदा तयार गरी राय तथा सुझावका लागि बैंकका विभिन्न विभाग तथा कार्यालयहरूमा पठाईएको र उपयुक्त राय तथा सुझाव समेटी उक्त मस्यौदालाइ अन्तिमरुप दिने चरणमा रहेको । |

| | | | |
|---|---|---|---|
| ३७ | ११३ | निर्यात व्यवसायीले निर्यात प्रवर्द्धनको लागि विदेशमा शाखा/सम्पर्क/ प्रदर्शन कक्ष जस्ता कार्यालयहरू खोल्न र विदेशमा बिक्री भएको रकम जम्मा गर्ने प्रयोजनको लागि विदेशमा खाता खोल्न चाहेमा कुल निर्यातको ५ प्रतिशतमा नबढ्ने गरी निश्चित कार्यविधि तथा शर्त तोकी विदेशी मुद्राको लागि सटही सुविधा र खाता खोल्न अनुमति प्रदान गर्ने व्यवस्था मिलाइने । | मिति २०६७/४/२५ मा परिपत्र जारी गरी कार्यान्वयनमा ल्याइएको । |
| ३८ | ११४ | Cash Against Document (CAD) वा बैंक ग्यारेण्टीको आधारमा मालसामान निर्यात गर्दा निर्यात मूल्यको ५ प्रतिशतले हुने रकमको धरौटी वा बैंक जमानत राख्नु पर्ने र CAD को आधारमा एकपटकमा बढीमा अमेरिकी डलर २ लाखसम्मको मालसामान निर्यात गर्न अनुमति प्रदान गर्न सकिने व्यवस्था रहेकोमा यस्तो धरौटी १ प्रतिशत मात्र राखे पुग्ने र एकपटकमा अमेरिकी डलर ५ लाखसम्मको निर्यात अनुमति प्रदान गर्न सकिने व्यवस्था गरिने । | मिति २०६७/४/२५ मा परिपत्र जारी गरी कार्यान्वयनमा ल्याइएको । |
| ३९ | ११५ | निर्यात प्रतीतपत्र प्राप्त भएको आधारमा मात्र विदेशी मुद्रामा प्रि-शिपमेण्ट/पोष्ट-शिपमेण्ट कर्जा प्रदान गर्न सकिने व्यवस्था रहेकोमा यस्तो कर्जा अन्य प्रचलित माध्यमबाट निकासी गर्दा समेत उपलब्ध गराउन सकिने व्यवस्था मिलाइने । | मिति २०६७/४/२५ मा परिपत्र जारी गरी कार्यान्वयनमा ल्याइएको । |
| ४० | ११६ | परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट आयात गर्न पाइने व्यवस्थाको औचित्य तथा थप आवश्यकताका सम्बन्धमा अध्ययन गरी वस्तुहरूको सूचीलाई थपघट गर्दै लगिने । | सम्बन्धित व्यवसायीको माग र नेपाल सरकार, उद्योग विभागको सिफारिशमा सुचीमा थपघट गर्ने व्यबस्था कायम नै रहेको र हालै उद्योग विभागबाट सिफारिश भएबमोजिम २० वस्तुहरू थप गरिएको । |
| ४१ | ११७ | भारतीय मुद्राको सटही सुविधा अभिप्रायले आवश्यकताको प्रमाण (Documents of Necessity) को आधारमा प्रदान गर्ने व्यवस्थालाई अझै बढी सरल र पारदर्शी बनाउँदै लगिने । | मिति २०६७/३/४ मा परिपत्र जारी गरी कार्यान्वयनमा ल्याइएको । |
| ४२ | ११८ | भारतीय रूपैयाँको कारोवार गर्न इजाजतपत्रप्राप्त वित्त कम्पनीहरूबाट अनुरोध भएमा औचित्यका आधारमा भारतीय बैंकहरूमा Nostro Account खोल्न स्वीकृति दिइने । | प्रशासनिक निर्णय गरी माग अनुरुप स्वीकृति प्रदान गर्ने गरिएको । |
| ४३ | ११९ | वैदेशिक रोजगार व्यवसायीहरूलाई व्यवसाय प्रवर्द्धन गर्न, भिसा शुल्क भुक्तानी गर्न र कामदार पठाए बापत कमिशन भुक्तानी गर्न आवश्यक पर्ने विदेशी मुद्रा सहज ढंगले उपलब्ध गराउने । साथै, विदेशमा कार्यरत नेपालीहरूले आर्जन गरेको रकम सरल, सुलभ र सुरक्षित तवरबाट भित्र्याउने र उत्पादनशील क्षेत्रमा उपयोग गर्न आवश्यक व्यवस्था गरी रेमिट्यान्स कारोवारलाई थप पारदर्शी एवं सरलीकृत गरिने । भारतमा कार्यरत नेपालीहरूले पठाउने विप्रेषणलाई बैंकिङ्ग प्रणालीमार्फत् भित्र्याउने कार्यलाई थप प्रभावकारी बनाउँदै लैजाने सम्बन्धमा आवश्यक व्यवस्था गरिने । | मिति २०६७/४/२५ मा परिपत्र जारी गरी कार्यान्वयनमा ल्याइएको ।<br>बैंकिङ्ग प्रणाली मार्फत् भारतबाट विप्रेषण नेपाल भित्र्याउने सम्बन्धमा भारतीय रिजर्व बैंकसँग वार्ता तथा छलफल भएको र यसतर्फको प्रगति सकारात्मक रहेको । |
| ४४ | १२० | मुलुकमा कार्यरत मनिचेञ्जरहरूको संख्या, क्षेत्रगत उपस्थिति तथा सेवाग्राहीको आवश्यकता समेतलाई विचार गरी सुरक्षित, पारदर्शी एवं सरल तुल्याउन यस सम्बन्धी नीति र कारोवारलाई सुव्यवस्थित गरिने । | नेपाल राष्ट्र बैंक मनिचेञ्जर विनियमावली, २०६७ मिति २०६७/५/१० देखि लागू गरी कार्यान्वयनमा ल्याइएको । |

| क्र.सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|---|
| ४५ | १२१ | सुनचाँदी व्यवसायी संघको सिफारिशमा सम्बन्धित व्यवसायीहरूले पनि तोकिएको परिमाणमा आयात गर्न सक्ने व्यवस्था मिलाइने । साथै, चाँदीबाट बनेका गरगहना, हस्तकलाका वस्तुहरू निकासी गर्ने निकासीकर्ताहरूलाई चाँदी उपलब्ध गराउने विद्यमान व्यवस्थामा परिमार्जन गरिने । | सुनको हकमा नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालयको निर्णय बमोजिम सो मन्त्रालयको परामर्शमा तयार गरिएको "सुन आयात तथा विक्री बितरण कार्यविधि, २०६७" जारी गरी कार्यान्वयनमा ल्याइएको ।<br>चांदीको हकमा खुला बजार आयात इजाजत व्यबस्था बमोजिम आयात हुने गरी परिपत्र जारी गरी कार्यान्वयनमा ल्याइएको । |
| ४६ | १२२ | विदेशी विनिमय कारोवारलाई अभ्र बढी व्यवस्थित एवं नियमित गर्न सरोकारवालाहरूसंग सहकार्य, विदेशी विनिमय सम्बन्धी गुनासो सुनुवाई तथा स्थलगत तथा गैर-स्थलगत निरीक्षण तथा सुपरिवेक्षणलाई सुदृढ गरिने । | वार्षिक कार्ययोजना तयार गरी निरीक्षण तथा सुपरिवेक्षण गर्ने कार्य सुरु गरिएको । |
| ४७ | १२३ | लघुवित्त संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षणका लागि दोश्रो नियामक निकाय (Second Tier Institution) को रुपमा लघुवित्त प्राधिकरणको स्थापना गर्ने कार्यलाई अघि बढाइने । | लघुवित्त प्राधिकरण ऐनको मस्यौदा तयार गरी अर्थ मन्त्रालयमा पठाइएको । |
| ४८ | १२४ | ग्रामीण स्वावलम्बन कोषलाई लघुवित्त विकास कोषको रुपमा एक छुट्टै निकायको रुपमा संस्थापना गर्ने सम्बन्धी कारवाहीलाई अघि बढाइने ।<br>लघु, साना र मझौला उद्योगमा कर्जा वृद्धि तथा पहुँच एवम् प्रभावकारिताको अनुगमन प्रयोजनको लागि एक छुट्टै डेस्क स्थापना गर्न बैंक तथा वित्तीय संस्थालाई प्रोत्साहित गरिने । | प्रस्तावित लघुवित्त विकास कोषको स्थापना र संचालन गर्न विधेयकको मस्यौदा तयार गरी अर्थ मन्त्रालयमा पठाइएको । |
